२०१७ पद्यतर्फको मदन पुरस्कार विजेता

# विस्फोट



## भीमनिधि तिवारी

# विस्फोट

(कवितासङ्ग्रह)

**भीमनिधि तिवारी**

साहित्यरस

**साहित्यरस**

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०१८

**ईपुस्तकको स्रोत**

*प्रकाशक* : फिनिक्स बुक्स

*संस्करण* : पहिलो २०७८

*ISBN* : 978-9937-705-56-1

---

**About this ebook edition**

*Originally created as epub*

*Created* : 2026-01-17, 11:23:37 UTC

*Latest minor Correction* : 2026-01-17, 11:23:37 UTC

*Sahityaras ebook id* : 20260117112337

**Cover art**

*exploding star and a frustrated man (Created by AI)*

by Sahityaras team

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*वक्तव्य*

पृथ्वीनारायण शाह
म चीन हुँ !
दरबार पसेकी नानी !
बेफुर्सत
मस्तिष्कको विकार
फूलपाती
रूपको पश्चात्ताप
खहरेलाइ
काग
अन्धो
सेतो बादल !
खिन्न्ता
आजको समस्या
पंडितजी !
तोप
अजब नेपाल !
माहिलालाइ
जनतामा अपील
मुखियादाइको संझना
उद्देश्य
घरको मालिक

बत्ती निभ्दैन
यो मान्छे
बूढो गयो
गर्व खर्ब
मेरी श्रीमती
चोर औंला
कुकुर
मलाइ डर लाग्छ
उ मरेकोमा
कर्द
बाईस धारामा
३२५ नं को कैदी
सन्तोष
मेरो जीवन
दृष्टिभ्रम
पानी हाँस्यो !
टुकुचालाइ
के आयो ?
देहाती जीवन
अंजुको स्मृतिमा !

# वक्तव्य

किन किन, केही वर्ष यता मेरो हृदयमा असन्तोष उम्रेको जस्तो, कविताको विषय छान्ने मस्तिष्कको चलनी नै बदलिएको जस्तो लाग्छ। इन्द्राणीको, मजूरको, गुलाफको फूलको, पुतलीको कविता लेख्न मन लाग्दैन। समाजभित्र पसेर, त्यहाँको विश्लेषण गरेर जनताको मर्मस्थललाई कम्प गराउने कविता रचना गर्न सके हुन्थ्यो जस्तो लाग्छ। छन्द नहोस्, अलंकार नहोस्, पर्वाह नगरुँ, किन्तु जन- जीवनको आर्तनाद होस्। भरसक यिनै कुराको उद्घाटन गर्ने इच्छा हुन्छ।

अस्तु, यी कविताहरु मैले एकै साल, एकै सासमा लेखेको होइन। सं २००७ पछि शासनमा, समाजमा, साहित्यमा जब असत्य, अन्याय, अविवेक देखापरे दिलमा भूकम्प उठ्यो अनि कविताको रूपमा विस्फोट भयो। यो सङ्ग्रहमा यस्तै कविताहरुको बाहुल्य छ।

**– भीमनिधि तिवारी**

२०१७, फाल्गुन १४ २१/५१४, तिवारी-आश्रम, डिल्लीबजार, काठमाडौँ।

# पृथ्वीनारायण शाह

पूर्व, पश्चिम अनेक थिए राज्य ठूला साना
बाह्रै महीना परस्पर युद्ध गर्थे नाना
ती छरिएका ईंटलाइ बोकी बोकी ल्याई
बने आफु डकर्मी जस्ता वज्र लाई लाई
नेपाललाइ पेटी बनाए त्यस्तै लामो आकारको
कल्ले अब बिगार्न सक्ने? चट्टानको साकार यो
ढाल नस्तो छाती पारी एउटा जिउँदो उत्साहले
यस माटोमा जो गरे पृथ्वीनारायण शाहले

(१)

यतै टुक्रा, उतै टुक्रा, भुत्रो, मैलो टालो
पसीनाले धोई धोई पारे सफा उज्यालो
भए आफू सूजीकार जस्ता ती ती कन्था गाँसी
नेपाललाइ थर्की बनाए आत्मा भैँ अविनाशी
राजनीतिक पासा खेले सारा गोटी चाली
सगरमाथा निजी पारे चन्द्र-सूर्य उचाली
पहिलो आफनो आँट अनि वीरहरुको सल्लाहले
यत्रो महान् कार्य गरे पृथ्वीनारायण शाहले।

(२)

यो साझा फूलबारीमा सिच्नु पर्थ्यो पानी
बानर बन्दै ध्वंश गर्छौ कत्ति मूल्य नजानी
जनताको हृदयभित्र अश्वत्थामाको घाउ छ
जेल गयौँ, शहीद भयौँ, उद्देश्य बेउब्जाउ छ
लामो सपना देखेका थियौँ इन्द्रधनुष जस्तो
उजाड मरूभू जस्तो लाग्छ, बिपना भो यस्तो !
उनले बिरूवा रोपेथे यहाँ कत्रो हेरचाहले !
उपदेश के दिएका थिए पृथ्वीनारायण शाहले ?

(३)

पार्टीबन्दी, गुटबन्दी, आज वर्गबन्दी ?
राष्ट्रियताको घाँटीमा घोर गलफन्दी ।
यता नेपाल आमा रून्छिन् छहराको आँसुमा
उता भाइ भाइ लड्छन् जाबो सिनुको मासुमा
एकताको, संगठनको युगले आह्वान गर्छ
आज एसियामा हामी नेता बन्नुपर्छ
सात वर्ष यसै बित्यो ईर्ष्या, द्वेष, डाहले
फेरि जन्मनु आवश्यक छ पृथ्वीनारायण शाहले

(४)

# म चीन हुँ!

**पूर्वार्द्ध–**

कोटि कोटि जनता मेरो हातमा छ
मानवजातिको आवाज मेरो साथमा छ
राष्ट्रसंघको सदस्यता फर्मोसाले पाओस्
लूते, लुम्रे, भुम्रे पुच्छर पंखा सरि डोलाओस्
म आफनै खँदिलो काममा रात दिन तल्लीन हुँ
म महादेश चीन हुँ!

(१)

मेरो कलम रोक्न सक्ने विश्वमा कुन सम्राट छ?
मेरो प्रकाशन छेक्न सक्ने, हेरूँ, कसको आँट छ!
कल्पनाका उत्ताल ताल मस्तिष्कमा उर्ल्हछन्
भावनाका भुमरी मानौँ हृदयतलमा गहिरिन्छन्
'याग्चे' जस्तो बहिरहेछु पूर्णतः स्वाधीन हुँ
म महादेश चीन हुँ!

(२)

एक पुस्तक लेखी मैले एक ईंट बनाएको छु
कैयौँ ईंट चाँग पारी गहिरो जग खनाएको छु

अग्लो, मजबूत पर्खाल मेरो ऐतिहासिक किल्ला छ
विस्मयकारी, मानव-श्रमको भूभर हल्लाखल्ला छ
तोड्न कल्ले सक्छ यहाँ ? म दुर्भेद्य कठिन हुँ
म महादेश चीन हुँ !

(३)

ठूलो संघर्ष पार गरेर म यो उत्कर्षमा आएको छु
कलेजाको तेल पेलेर मैले कलमको दीप जलाएको छु
आँधीले डगाउन सक्दैन यो तूफानले निभाउन सक्दैन यो,
सूर्य जस्तो बलिरहला झरीले निभाउन सक्दैन यो
खहरे झैँ क्षणिक होइन, सिंधु झैँ सर्वकालीन हुँ
म महादेश चीन हुँ !

(४)

क्रांति नै मेरो प्राण वायु, विद्रोह नै मेरो जीवन छ
रक्तको एक एक थोपामा लालसेनाको स्पन्दन छ
कल्ले दमन गर्न सक्ने मेरो बढ्दो विख्याति ?
कल्ले दहन गर्न सक्ने मेरा अभ्रकको यो छाती ?
कर्मयोगीको अवतार म एक, दुई, तीन हुँ
म महादेश चीन हुँ !

(५)

म मेघको गर्जन मात्र होइन, बिजुलीको पनि चड्कन हुँ
भयानक भूकम्प गराउन सक्ने ज्वालामुखीको धड्कन हुँ
सबको सातोपुत्लो हर्ने एटम बमको चोट हुँ
तोबा ! तोबा ! त्राहि । त्राहि । हाइड्रोजन विस्फोट हुँ

मित्रको निम्ति मख्खन हुँ शत्रुको मुटुको आलपीन हुँ
म महादेश चीन हुँ !

(६)

**उत्तरार्द्ध–**

असत्य र अन्यायको विजय केवल दुई दिन हुन्छ
युगले जब पारख गर्छ काँच र हीरा छुटिन्छ
भानुको विस्तीर्ण किरण भू-मण्डलमा फैलन्छ
टर्चलाइटको सानो ज्योति झिल्का जस्तै अल्पन्छ
म अन्धकार रात होइन, चौँतीस घडीको दिन हुँ
म महादेश चीन हुँ !

(१)

चन्द्रलाइ ग्रहणले पनि सधैँ छोप्न सक्दैन
जस्तै कालो मेघ होस् सधैँ छेक्न सक्दैन
चाँदीको तारको धारबाट पीयूष-वर्षा हुन्छ
मदान्धको आँखा खुल्छ: दिमाग ठंडा हुन्छ
अनि देख्छन् भाँग्रो होइन, ताश या कुचिन हुँ
म महादेश चीन हुँ !

(२)

कुन ग्रह, कुन तारा कस्तो गतिले चल्दो रहेछ
एउटाको अर्को माथि के के असर पर्दोरहेछ
कुन आधारमा अडेको औ कसको कस्तो तेज रहेछ
कुन धुरीमा घुम्दो रहेछ, कैले अस्त हुँदो रहेछ
टाढैबाट हेरिरहेछु वेधशालाको दूरबीन हुँ

म महादेश चीन हुँ!

(३)

मेरो पुरानो संस्कृति छ, सभ्यता उस्तै पुरानो छ
कर्मठताको ऊचो मन्दिर जसमा सुनको छानो छ
आधुनिकतामा, गतिशीलतामा पश्चिमी देशको दाँजो छ
भाषा, दर्शन, शील्पकलामा पूर्वीय चाँजोपाँजो छ
तब त दुवै–अर्वाचीन औ प्राचीन हुँ
म महादेश चीन हुँ!
म महादेश चीन हुँ!

(४)

# दरबार पसेकी नानी !

ए दरबार पसेकी नानी !
किन हुन्छ्यौ अभिमानी ?
तिम्रो खाने गाँस छैन, बस्ने बास छैन,
यो अर्काको डेरा हो, धेरै टिक्ने आश छैन,
एक दिन तिमीले निस्कनुपर्छ
अपमानित भई घस्कनुपर्छ
अनि उही चीसो छिंडीमा
या त साँघुरो पिढीमा
बित्दछ रे जिन्दगानी
        ए दरबार पसेकी नानी !

(१)

पहिले तिम्रा, हाम्रा गोडा यही धुलोमा टेकिन्थे
भानूदय झैँ निश्चय छ पछि पनि यसमै टेकिन्छन्
रातो मोजा, रातो चट्टी, कति दिनको यो ढाँचा हो ?
थोरै दिनमा फुट्ने, जाने बालकको यो चाचा हो
वर वर जान्छौं, पर पर भाग्छ्यौ,
परिचितलाइ नौलो ठान्छ्यौ ?
राजनीति गंधा खेल,

आज शिरपाउ भोलि नेल,
लोल गोल आँखामा आउँछ तातो पानी
        ए दरबार पसेकी नानी !

(२)

बाँस बढे निहुरिन्छ,भक्किअमिलो पड्कन्छ,
उपकारीमेघ झोलिन्छ, बिजुली व्यर्थै चड्कन्छ,
भोलिको पनि दिन आउँछ,
उसले बिपना ल्याउँछ
नीलो चस्मा फुट्ला, जाला
अनि देखलोउ सच्चा चाला
आफूलाइ टेवा दिने एउटा लठ्ठीसम्म त राख
रहन्न हमेशा मस्त जवानी
        ए दरबार पसेकी नानी !

(३)

चन्द्र-सूर्यको बुट्टेदार तिम्रो लाल पछ्यौरा
हावामा जब फरफर गर्ला
अल्लारेको तब मन हर्ला
एक कटाक्ष मिल्ला कि,
एक नखरा मिल्ला कि
प्रेमका ती भोका, प्यासा माग्छन् एक निकासा–
खानी पाऊँ, जंगल पाऊँ, यति नजराना ठेक्का पाऊँ
फकाउनेको धुइरो चल्छ
हो यो राजधानी
        ए दरबार पसेकी नानी !

(४)

तिम्रो मुखमा पाउडर होइन, चिताको छ खरानी
रेशमी त्यो मिहीन सारी लाऊ कात्रो जानी
ओठको हो रातो लाली शहीद-रक्त-निशानी
जनताले सब पत्ता पाए तिम्रो आनीबानी
'लेडी जेन ग्रे' जस्ती तिमी हौ–
नो दिनकी महारानी
        ए दरबार पसेकी नानी !

(५)

तिमीले ठट्टा संझेकी थियौ ? शासन हो चिनगारी,
खेलाउन पनि जान्नुपर्दछ हो यो तीव्र कटारी
कोमल सिमलको फूल हैन, गह्रौँ लोहाको भारी
तिमी थिचियौली,, तिमी किचियौली
छैन बोक्ने शक्ति तिमीमा
होला सित्तै मानहानि
        ए दरबार पसेकी नानी !

(६)

# बेफुर्सत

मलाइ फुर्सत छैन
कत्ति छैन, रत्ती छैन
उषाकालमा म उठेपछि चराहरु ब्युँझन्छन्
अर्ध रात्रीमा सबै निदाएपछि मेरा परेला खुंचन्छन्
मेरा मस्तिष्कका खाकी रंगमा
सेता झिल्काहरु झल्किरहन्छन्, झल्किरहन्छन्
तिनलाइ समात्न, पक्रन, बाँध्न, थुन्न
मलाइ फुर्सत छैन।

(१)

बिहान चिया सेलाएको म थाहा पाउन्नँ
दिवा भोजनको होस पनि म पाउन्नँ
संध्याको भ्रमण के हो?
रात्रीको मनोविनोद के हो?
म अनुभव गर्न पाउन्नँ
सितारा जडेको नीलो झल्लरे छाता ओढेर आउने
कविका साथीलाइ म कहिले देख्न पाउन्नँ
कसैसित मेरो सम्पर्क छैन
मलाइ फुर्सत छैन।

(२)

मेरो उद्देश्य ठूलो छ, मेरो आदर्श ठूलो छ,
मेरो प्रयोगशालाको पराक्रम ठूलो छ,
बुद्धभन्दा महान्, ईशाभन्दा महान्
नयाँ सन्तानलाइ म जन्माइरहेछु ।
परमाणु बमको परीक्षण सफल भयो,
हाइड्रोजन बमको पनि परीक्षण सफल भयो,
अब उपग्रह– उडानमा अस्तव्यस्त छु–
केवल मानव कल्याणको निमित्त ( ?)
विश्व शान्तिको निमित्त ( ?)
मलाइ फुर्सत छैन ।
मलाइ फुर्सत छैन ।

(३)

# मस्तिष्कको विकार

मेरो मस्तिष्कमा विकार छ
साथी ! ठूलो विकार छ
कुनै तन्तुमा सुकेका आन्द्राको तार स्वरको झंकार छ
कुनैमा नरकंकालको वेदनाको चीत्कार छ
साथी ! मेरो मस्तिष्कमा विकार छ

(१)

पहाडपारिको घटना म वारिबाट नै देख्छु
मलाइ कलम नै चाहिन्न म नलीहाडले लेख्छु
किताबको हरेक पाना रगतले लत्पतिएको छ
क्रांतिमा हामी विजयी भयौँ जताततै भनिएको छ
आज हाम्रो देशमा जनताको सरकार छ
भर मुलुक घर घरमा एक गाँसको हाहाकार छ
त्यसैले पनि हो कि
साथी ! मेरो मस्तिष्कमा विकार छ

(२)

हात्तीको भारी गैंडाले बोक्न सक्छ बोकालाइ दिनु बेकार छ
उसले पनि बोक्छु भनी आँट गर्नु धिक्कार छ !

अर्थ न बर्थको कुरा यो के लेखेँ मैले ?
यत्रो समाजको अगाडी यो के बोलेँ मैले ?
मलाइ राँचीको अस्पतालमा जाने दरकार छ
खर्चको निम्ति चन्दा माग्छु दिन्छौ कि ?
साथी ! मेरो मस्तिष्कमा विकार छ

(३)

अकबरी सुन त कसीमा घोटेर पो जाँचिन्छ
होइन, गोलमा दलेर के थाहा पाइन्छ ?
विद्या, बुद्धि, अनुभव नहोस् जनताको विश्वास नहोस्
जेलयात्रा र नाराबाजीकै अहंकार छ
साहित्य सडेर, कुहिएर जान्छ ? जाओस् रे !
हामीलाइ राजनीतिसित सरोकार छ
यो देशमा आजको साहित्यकार छ
यिनै सब कारण हुन् जसले गर्दा
साथी ! मेरो मस्तिष्कमा विकार छ

(४)

प्रत्येक घरमा मसान नाचेको उग्र भयानक दृश्य देख्छु
हाडको तरवारले परस्परमा काटाकाट गरेको शब्द सुन्छु
देश चक्नाचुर भैसक्यो अब यो कल्ले मिलाउँछ ?
मानिसको सासबाट लाश कुहिएको दुर्गन्ध आउँछ
शराब, सिनेमा, सिगरेटको तैपनि सर्वत्र अधिकार छ
मलाइ दोष नदेऊ, म उति होस पाउन्नँ, किनकि
साथी ! मेरो मस्तिष्कमा विकार छ

(५)

देश सुतेको सुत्यै छ, आर्थिक कष्ट उठेको उठ्यै छ
काखका पुत्रको लाशलाइ बोकेर
आफ्नै धोतीको सप्कोले छोपेर
जलाउन दाउरा नपाएर रुँदै हिँडेकी आमालाइ
जब म देख्छु साथी !
महाप्रलय भूकम्पमा पृथ्वीको छाती फाटे झैँ
कलेजोमा चिरा चिरा परेर आउँछ मानौँ कर्दले काटे झैँ
यता हेर्छु, उही धूले, पुरानो सडकमा
नेताको नयाँ मोटरकार छ
ऐले भर्खर फेरि बिर्सिसकें
यसैले त म बारोबार भन्छु
साथी ! मेरो मस्तिष्कमा विकार छ

(६)

# फूलपाती

आज फूलपातीको दिन हो सरस्वतीको पनि पूजा रे
आजदेखिन् टीकासम्मन् लेख्नु, पढ्नु बिदा रे
अबीर, सिंदूर, अक्षता, फूलको होइन साँचो पूजन रे
जसले कलमद्वारा पुज्यो त्यही महान् अर्चन रे
लेख्ता माता कुपित हुन्छिन्? होइन, बन्छिन् अपमानित?
वाणी पनि सरस्वती नै हुन्, बोल्नु हो के संमानित?
बोल्छन् किन यी सारा मानिस? लाटा जस्तै बन्नु रे
सान गर्नु पशुले जस्तै दशमीको दिन गन्नु रे
जसका दिलमा तार बज्छन् औ मगजमा मृदंग बज्छन्
चुपचापसित पत्थर जस्तो भईकन को बस्न सक्छन्?
देवी उसित प्रसन्न हुन्छिन्–सिद्धान्त मेरो–वरदा बन्छिन्
महाष्टमी, नवमीमा पनि केही न केही जो लेख्छन्
चिन्तन नै छ जसको जीवन, लेखन नै छ जसको स्पंदन
विनाचिन्तन, विनालेखन कसरी बाँच्छ उ? रहन्छ मन?
कुनै खोला कलकल नगरी नबगी नबगी बस्ला रे?
कुनै वायु सिरसिर नबही नबही स्थिर रहला रे?
आयु अलि अलि गइ नै र'न्छ, कलम पनि चलि नै र'न्छ
पृथ्वीको गति रोक्नलाइ कुन शक्तिले सक्छ??

# रूपको पश्चात्ताप

यो झुपडी घरबारमा कंगालको परिवारमा
हर दिन, साँझ बिहान, पीठोको हाहाकारमा
दारिद्र्यको चरम विन्दु, सुगाभन्दा भोका हामी
मध्य जेठ महीना झैँ
पेट छ सुख्खा कूप
किन दियो मलाइ ईश्वरले रूप!

(१)

माग्ने भन्दा तल्लो स्तरमा गृहस्थ भै बसेका
पाटीभन्दा थोत्रो बास घरको नाम दिएका
वर्षामा सोता खस्छन्, शरद्मा तारा हेर्छन्
यहीँ मेरो जन्म भयो
विकसित भो स्वरूप
किन दियो मलाइ ईश्वरले रूप!

(२)

चोलो मैले लाएकी छु पिठ्यूँ, कुहुनु हाँस्छन्
धोती मेरो लहरा जस्तो बोडी, सीमी फल्छन्
आफैँलाइ मयल गन्हाउँछ साबुन भो वरदान

तैपनि चेहरा बत्ती बल्छ
पतंग उड्छन् खूप
किन दियो मलाइ ईश्वरले रूप !

(३)

भात पास्नीमा खाएँ हुँला स्वाद केही संभन्नँ
खीर मैले नाम सुनेकी छु कस्तो त्यो छ जान्दिनँ
सुनको डल्लो महंगो हुन्छ फलामे डल्लो खान्छु
खान्छु होइन, जीवन धान्छु
केही नबोली चुप
किन दियो मलाइ ईश्वरले रूप !

(४)

भुम्रोमा पोको पारेको हीरा जस्ती भएँ म
मेघबाट जन्मेको बिजुली जस्ती भएँ म
खोस्टाबाट निस्केको पुतली जस्ती भएँ म
हिलोबाट पैदा भएको
कलमको अनुरूप
किन दियो मलाइ ईश्वरले रूप !

(५)

धाताले किन गरिदियो माधुर्य-सृष्टि मैमा ?
मैले एक्लै हिँड्न नहुने पाप-दृष्टि मैमा
थोत्रो डुंगा खिआए झैँ मेरो जीवन खतरामा
बन्न पाए हुन्थ्यो बरु
काली कराली कुरूप

किन दियो मलाइ ईश्वरले रूप !

(६)

किन रसादि औषधी खानु यदि खुराक मिल्दैन भने ?
किन शिशुको जन्म दिनु यदि दूध पिआउन सक्दैन भने ?
त्यो रूप पनि धिक्कार छ यदि स्याहार पुग्दैनभने !
बोकूँ ? बोक्न म सक्दिनँ
भारी अदृश्य अनूप
किन दियो मलाइ ईश्वरले रूप !

(७)

भीर पहरोमा सुनगावा फुल्छ, त्यल्लाइ त्यो के काम छ ?
घोर जंगलमा मधुमालतीको मुसकान जो बेकाम छ
ठेउवा मारिन्छ रूपले गर्दा रूप उसको घातक छ
कल्ले निको पारिदेला
मेरो मुटुको हुप
किन दियो मलाइ ईश्वरले रूप !

(८)

# खहरेलाइ

म कोशी या कर्नाली
ऊचो छाल उचाली
मेरो नित्य प्रवाह छ
यात्रा लामो अथाह छ
बाह्रै महीना, बाह्रै काल
रहन्छ एकै स्थायी चाल
तेरो जस्तो मेरो होइन
क्षणिक मादक जोश
किनकि तँ ता खहरे होस्।

(१)

मेरो देह बनेको छ
हिमालयको पानीले
आफना तिर्खा मेटेका छन्
कैयन् राजा रानीले
मेरो शितल निर्मलतामा
खेल्छन् माछा निर्भयतामा
नित्य मैले दिएको छु
स्थिर चिर सन्तोष

नाथे, तँ ता खहरे होस्।

(२)

एक झर बर्खे पानीले
एउटा सानो कहानीले
मानौँ राज्य पाए जस्तो
भांगबूटी खाए जस्तो
दायाँ बायाँ क्यै नहेरी
ढुंगा, मूढा क्यै नटेरी
किन बन्छन् बेहोश!
जाबो तँ ता खहरे होस्।

(३)

लामा लामा नहर बन्छन्
मेरा दुवै किनारामा
विद्युत्-शक्ति पैदा हुन्छ
मेरो एक इशारामा
काखमाथि डुंगा चल्छ
हेर् कोसौँ कोस
बाबु तँ ता खहरे होस्।

(४)

मेरो रूप अंकित हुन्छ
नक्शा बन्ने ठाउँमा
पाठ, पूजा, संध्या गर्छन्
मेरो तटको पाउमा

आज ठूलो मै हुँ भन्ने
भोलि को होस्? कल्ले चिन्ने?
कहाँ जन्म? नाम के हो?
प्रश्न सोधे भन्न नसक्ने
कति छ तेरो दोष
यसैले तँ ता खहरे होस्।
(५)

ग्रीष्मऋतुको चर्चा छोडूँ
शरद्ऋतुकै कालमा
घाँटीसंमन् पानी हुन्छन्
निर्मल सारा तालमा
कमिलाको जन्ती चल्छ
तेरो छातीमाथि
फट्याङ्ग्रोले फड्को मार्छ
तेरै छातीमाथि
ऐले गर्छस् के उद्घोष!
बुझिस्? तँ ता खहरे होस्।
(६)

# काग

मिरमिर मिरमिर उज्यालोमा काग कहाँ गइरहेछ ?
आफनो न्यानो गुँड छोडी के सुरमा गइरहेछ ?
दिलमा नव उल्लासले कुनै आहारको आशले
मानौँ तिरमिर संध्यामा एउटा चमेरो उडिरहेछ
घोप्टेको, हरियो टपरी जस्तो यो अनन्त आकाशको
बीचमा सोझो रेखा कोरी मानौँ सीमा बाँधिरहेछ
अंधकार राक्षसको अन्त भयो अब राज
मानौँ उषादेवीलाइ सुनाउन हो कि हिँडिरहेछ
कुंभकर्ण गृहस्थहरुको छाती निशान बनाई
मानौँ बाणको मुख जस्तो एक बेगले हुत्तिरहेछ
कृष्णको र राधाको झैँ सूर्यको र उषाको
क्षितिजमा होरी हेर्न मानौँ सबलाइ ब्युँझाइरहेछ
सानो कालो चंगा जस्तो हलुका प्वाँख उचाली
म पनि रातो हुँला भन्दै अबीरमा उ मुछिइरहेछ
यो पो ठूलो नेता हो कि आफनो 'काग' को आवाजले
'काग, काग, काग, काग' व्योम व्याप्त गराइरहेछ
एक महात्मा बुद्धले अनेक अनुयायी पारे झैँ
भिन्न भिन्न कैँयन् बथान आफनो पछि लगाइरहेछ

बाल्यकालको घटना जस्तो, सपनाको स्मृति जस्तो
टाढा टाढा जाँदा जाँदा देख्ता देख्तै बिलाइरहेछ

# अन्धो

देहका दुई– चन्द्र, सूर्य सधैँ अस्त रहेछन्
छामी छामी हिँड्नु पर्ने अंग व्यस्त रहेछन्
त्रेतायुगी रामको जछ सदा नाम
हात पसारी उल्ले कैल्है गरेन माग्ने काम
घण्टाघरमा एघार बज्यो, रित्तो छ थाङ्नो झोला
त्यल्ले आज भात खायो होला ?

(१)

किसानको भकारी जस्तो टम्म पेट भरेर
सुपारीको कुड्को मुखमा च्याप च्याप गरेर
निजामती अड्डातिर, जंगी पल्टनतिर
फेरि अरू गइरहेछन् आफना धन्धातिर
हिँड्छ कंचटबाट बहाई पसीनाको खोला
ह्वैन, त्यल्ले आज भात खायो होला ?

(२)

ओठको कलेटी भिजेको छैन, कालो पाप्रा उस्तै छ
हात धोएको छैन हेर : धूलो जस्ताको तस्तै छ
शायद उल्लाइ थाहा छैन वेला कति भएको छ

या कुकुर भैँ सीता टिप्न जूठानतिर गएको छ
कस्तो शान्त ! कस्तो धीर ! तैपनि मौन अबोला !
कठै ! त्यल्ले आज भात खायो होला ?
(३)

त्यसको पनि त पेट छ, खाने हक छैन ?
त्यो पनि त भाइ हो, एकै झलक छैन ?
उसको आँसु विष हो हाम्रो छाती जल्छ
भाइ मारे, गाई मारे पाप चाँडै फल्छ
हक सबको बराबर हो मासा, तोला तोला
के त त्यल्ले आज भात खायो होला ?
(४)

बोल्ने ईश्वर मान्छे नै हुन्, मान्छे ढुंगा पुज्छन्,
कोमलताको वास्ता छोडी कठोरतामा पुग्छन्
मान्छेले आफूलाइ कत्ति चिन्न सकेन
ईश्वर आफ्नै अगाडि छन् तैपनि देख्न सकेन
नारायणको भन्दा ठूलो हो त्यो नर चोला
साँच्ची, त्यल्ले आज भात खायो होला ?
(५)

# सेतो बादल !

ए पग्लेको चाँदी जस्तो सेतो बादल !
चाँदी जस्तो छैन तेरो मोल,
रुवा जस्तो छैन तेरो मोल,
हिउँ सरि पनि छैन तेरो मोल।
हिँउ त पग्लन्छ, झरना भई ओर्ल्हन्छ,
खोला भई गाउँ गाउँ, जीवन दिई ठाउँ ठाउँ
अहर्निश दौडन्छ।

(१)

ए सेतो बादल ! कहिले तँ ऐरावत झैँ,
उत्तरी ध्रुवको भालु झैँ,
अंतरिक्षमा हिड्दाहिड्दै
मानौँ सिमलको भुवा झैँ
उड्दाउड्दै बिलाउनेछस्, जानेछस्,
कल्ले तँलाई संझन्छ ?
रूप तेरो अल्पन्छ।

(२)

सौन्दर्यले के गर्छ ? गुण पो हुनुपर्छ,

रूपको के फिक्री हुन्छ ? सस्तो मालमा विक्री हुन्छ
कालो बादल आयो उः, चोखो पानी ल्यायो उः
गुडुगुडु गर्जन्छ, मूसलधारा बर्सन्छ।
नाच्छन् हेर : खेतीवाल, आँगनमा ठोकी थाल–
बाली धेरै उब्जन्छ।

(३)

प्रधानमंत्रीको भन्दा आज धानमंत्रीको जरूरत छ
कानूनमंत्रीको भन्दा पनि नूनमंत्रीको स्वागत छ
देश खोक्रो भैसक्यो केवल बोक्रो मात्र छ
रक्त-थोपा सम्म छैन अस्थिपंजर गात्र छ
कोट ओढी सिनेमा हेर्ने पाखी ओढी सुत्छन्
सयकडा पच्चीस घर भोकभोकै कुद्छन्
भित्र आगो दन्कन्छ।

(४)

कुनै पनि सुकुमार कला सुख शान्तिमा जन्मन्छ
भोको पेट, बेकारीमा केवल क्रान्ति हुर्कन्छ
हामीले जन्माएको जनसरकार यो,
स्तनको दूध होइन,
मुटुको रगत चुसाएर बढाएको जनसरकार यो,
जन्मदाता पिता प्रति जस्तो व्यवहार गर्नेछ
त्यो हेरी, सपूत हो या कपूत हो
दान, दण्ड त्यसै वेला दिइन्छ।

(५)

# खिन्ता

कस्तो घरमा जन्म भयो जहाँ गुणको पहिचान छैन
कागसित उठेर काम गर्दा पनि एक पेटको गुजरान छैन !
कुकुर, बिराला, गधा, खच्चर डकारी डकारी हिँडिरहेछन्
अमृत झरना गाईलाइ दानाको नाम निशान छैन !
कोठा, चोटा बारुलाका खोस्टे गुँड झुण्डिरहेछन्
कण कण मधुसञ्चय गर्ने माहुरीलाइ स्थान छैन !
गन्धे झारको पूजा हुन्छ पंचामृतले पाउ धुन्छ
गुलाबले सुवास दिन्छ उसको जडमा जलदान छैन !
जसको पीठमा धाप दिनुपर्थ्यो वक्षस्थलमा मुड्की पर्छ
उजुर गर्न जाने कहाँ ? उजुर सुन्ने जवान छैन !
कौ, कामी, नकर्मीको मान संमान इज्जत हुन्छ
साहित्यको मर्म बुझ्ने यो भूमिमा कदरदान छैन !
कोदो,गहद, कालो भटमास घिउ हाली मुछिन्छन्
कस्तो होम हुन लाग्यो नि जहाँ चरुमा धान छैन !
मस्तिष्कका सारा तन्तु जर्जर, क्षीण भैसके
यस्तो तपस्या गर्छौं हामी कुनै पनि वरदान छैन ।
कानमा तेल हाली सब सुतेका छन्, सुन्दैनन्
किताब छाप्यो विक्री हुन्न, कहाँ पोल्ने ? मसान छैन

न्याय, विवेक देखें मैले, खूब निहाली देखें मैले
बेदरकारको आयु बढ्छ, साहित्यकारको ज्यान छैन !

# आजको समस्या

मुखभर अबीर घसेको मानिस
पूर्व क्षितिजबाट चिहायो
उसले सुनको किरणकलम
धरती कागजमाथि चलायो
केवल सानो वाक्य लेख्यो,
'उः धान पाक्यो।'

(१)

नभन्दै त्यत्रो चौडा फाँट
लहलह पहेँला धान!
बालाचाहिँ बाला जस्तै लज्जालु भई
झुकेकी, निहुरेकी पहिरी पहेँलो परिधान
एउटा भन्छ, 'यो तेश्रो दिन हो,
हामी दुवै भोका छौँ।'

(२)

रातो रातो बल्यो आगो उता हिमालचुलीमा
भात पाक्छ, पर्ख खाऔला पर्‍यौँ छ हाम्रो बाहुलीमा
हो त नि, पस्केको भात जस्तो चपरीको खात जस्तो

सेतो हिमाल सफा देखियो,
दगुडे दुइटा ती गरीब मुख बाई बाई
आज नेपाल यही हालतमा छ–
ढुटो, चोकर जे पनि खाई
जन चाहन्छ बाँच्नलाइ !

(३)

# पंडितजी !

छोड्नुस् पंडितजी, लेख्नलाइ
हेर्नोस् उता हिमाल छ !
चाँदी जस्तो, मोती जस्तो, हीरा जस्तो कमाल छ !
कलम ह्वैन नलीहाड हो त्यो,
घोट्नु के छ ?–
चन्दन भई भई मर्नुछ ।

(१)

यस्तो मीठो घाम ! आत्मालाइ आराम !
नीलो नभमा सिमल जस्ता टुक्राटुक्री बादल छन्,
हेर्नोस् माथि कल्पनाले उड्नोस् माथि,
नेपाल कस्तो देखिन्छ ।
प्रकृतिबाट पर पर भागी के कविता लेखिन्छ !

(२)

लामा लामा पर्वत-श्रेणी शास्त्रका ती पंक्ती हुन्,
अग्ला अग्ला वृक्ष जति छन् भिन्दा भिन्दै अक्षर हुन्,
चार वेद, अठार पुराण, त्यहीँ भित्र गुंफित छन्,
अध्ययन पहिले गर्नोस् त्यहाँ, शिक्षा, ज्ञान मिल्नेछन्

लेख्ने काम ? राम ! राम ! यो बेकाम !
कल्ले कदर गर्दछ यहाँ ?
कल्ले मूल्य राख्तछ यहाँ ?
चिन्तन शक्तिको व्यर्थै ह्रास !

(३)

सुनका भुप्पा धान भुलेको त्यत्रो लामो,चौडा फाँट !
हावामा उः बयली खेल्छन् !
कल्पनाका ती प्रेरक हुन्,
भावनाका ती पूरक हुन्,
अपूर्णताका पूर्णता ती
मानव-जीवन-दाना हुन्
हेर्नोस्, पहेँला घाम जस्ता आँगनमा उः भुल्केछन् !

(४)

अन्तः पुरको अट्टालिकामा
सिंहदरबारको यो कौसी,
शिरीष जस्ता सुन्दरीहरु जो 'तुरुप' खेल्थे रौसी रौसी
आज हाम्रो अधिकारमा छ,
असंभव पनि संभव भो
यो कौसीमा हाम्रो बास ?
सल्लाघारीबाट बहेको सिरिसिरि शीतल शुद्ध बतास
खिच्नोस् लामो संजीवनी सास।

(५)

अलंकार, श्रृंगारले सजिएका

अत्तरतेलले भिजिएका
ती नानी, रानी, महारानी
को को कहाँ कहाँ बस्थे होलान्
को कहाँ स्पर्श गर्थे होलान्
कलम छोडी, आँखा चिम्ली दिउँसै सपना देख्नोस्
भो, भो, कविता नलेख्नोस्।

(६)

छोड्नोस् पंडितजी, लेख्नलाइ
व्यर्थै नलीहाड घोट्नलाइ
रक्तमसी सुक्ला जाला
जब पीत बन्ला सारा देह
कुन कठोरले 'कठै' ! भन्ला ?
कुन निर्दयले 'हाय' ! भन्ला ?
यदि प्रचारबाट 'कवि' बनिन्छ
कलम-कमारो को बन्ला ?

(७)

मेरा यी सारा वाक्य सुन्दा दत्युन दली दली माझेको
सेता पंक्ती दाँत देखाई खिस्स हाँस्यो उः हिमाल !
बस्नोस्, हेर्नोस्,
त्यही हो सौन्दर्य नेपाल !
त्यही हो गर्व नेपाल !
त्यही हो प्राण नेपाल !

(८)

# तोप

कलम भन्ने गलत भन्छन्
मसी ह्वैन, बारूद हो
नालबाट निस्केको यो
वाक्य-गोला-विस्फोट हो
अरिको संहार गर्छ–
हाहाकार औ हार गर्छ
एसियाको कुरै छोडूँ
थर्कमान यूरोप छ
म मोर्चाको सिपाही हुँ
मेरो साथ तोप छ।

(१)

गोलको धूलो उडेको देख्छु
वायु-मण्डलको माथिमा
मोसोको रंग पोतेको देख्छु
मातृभूमिको छातीमा
रवि-रश्मि छैन कतै
चारैतिर घटाटोप छ
नभ नै भेदन गरुँ झैँ लाग्छ

मेरो साथ तोप छ।

(२)

फितलो, लुलो मुटुले
शासन-शरीर चल्दैन
बिरुवा पनि छटनी नगरी
ठूलो फल फल्दैन,
'कि डट, कि हट'
युगले यही भन्छ
जीवन एउटा घटना हो
जस्तो जस्तो पर्छ
माग सहयोग दिन्छु म
शिरमा फलामे टोप छ
किल्ला किन पो चाहियो?
मेरो साथ तोप छ।

(३)

देशको नाममा भेष बदलेर
स्वार्थ साधन गर्ने
जनताको जयको आडमा
मतलब हासिल गर्ने
समष्टिको हित नष्ट पारी
व्यष्टिको उत्थान गर्ने
यस्तो नीतिमाथि मेरो
हमेशा भारी प्रकोप छ
कता म हानिदिन्छु है

मेरो साथ तोप छ।

(४)

# अजब नेपाल !

पंक पूज्य पदमा पुग्छन् कमल मलमै हुन्छन्
धूर्त मूसा धान चोर्छन् कृषक सीता गन्छन्
जल्ले जसको भलाइ गर्छ उसैले खोइरो खन्छ
आफनै शिष्य, 'तँ के जान्ने ? मै पो जान्ने' भन्छ
दोष कल्ले कल्लाइ दिने ? खोइ, को कस्तो छ !
मामा, यहाँको माटो यस्तै छ
(अ)

जल्ले गुप्ति मंत्र सुनायो उही आफनो हुन्छ
भेडा पेडा खान्छन् यहाँ बाच्छो भोकै रून्छ
बोलून् बोली साध्य छैन नेता लाटा जस्ता
हामी टाठा, हामी बाठा, जनता नेता जस्ता
सिपाही भन्दा ऐटन धेरै नयाँ थिति बस्तोछ
मामा, यहाँको माटो यस्तै छ
(ज)

सुंगुरमाथि हौदा कस्छन्, पाडा गाडा तान्छन्
तोप हान्ने वीर जाति राती बोतल हान्छन्
बाघ मार्ने गुड्डी चल्छ स्याल आए भाग्छन्

जता पायो तातो चिया उतैपट्टि लाग्छन्
सिद्धान्त र नैतिकता दिन परदिन खस्तोछ
मामा, यहाँको माटो यस्तै छ
(ब)

भइँमै टेक्छन्, भइँमै हिँड्छन्, भइँमै खुट्टा हुन्न !
पच्चीस आना मिथ्या बोल्छन् तैपनि झुट्टा हुन्न !
हफतैपिच्छे बढेदोछ कपटी, कूटको आवादी
स्पष्टवादी ठहरिन्छन् बढ्ता बोल्ने बकवादी
चिप्लो अवसरवादी सियोको प्वालबाट पस्तोछ
मामा, यहाँको माटो यस्तै छ
(ने)

पतिव्रता हेला हुन्छे पत्रूचाहिँ पुजिन्छे
आमा जस्ती उही पो बन्छे शिक्षा अर्ती दिन्छे
उल्टो खोला बहन्छ यहाँ ! बोका दाइँ गर्छन् !
खुकुरीभन्दा कर्द लाग्ने ! जगत् जिल्ल पर्छन्
कोदो बरू महंगो होला मार्सी चामल सस्तो छ
मामा, यहाँको माटो यस्तै छ
(पा)

आयो, आयो, हात्ती आयो, हात्ती आयो फुस्स !
रायो मानौँ पहाड बन्छ काम हुन्छ छुस्स
चल्लाभन्दा हल्ला ठूलो, यहाँ पोथी बास्छे
लाटोचाहिँ गीत गाउँछ, बहिरी बहुलाई नाच्छे
जवानहरुको जाँगर, जोश भदौरे भल जस्तो छ

मामा, यहाँको माटो यस्तै छ

(ल)

# माहिलालाइ

भक्ति तिम्रो भातमा छ, शक्ति तिम्रो सागमा,
सेवा तिम्रो ढेवामा छ, श्रद्धा छैन त्यागमा,
खान पाए पुग्यो भैगो, जूठो कुन हो, चोखो कुन,
साथीमाथि ङिच्च ङिच्च मुख बिगारी, बिगारी
अक्षता टिपी टिपी खाने तिमी ता मन्दिरका 'वानर' पो ह्वौ
माहिला, तिमीलाइ म 'नर' कसरी भनूँ?

(१)

मानव-जीवनको मूल्य के हो? थाहा छैन,
जाने कहाँ हो? लक्ष्य तिम्रो केही छैन
आदर्शको दर्शनसंम तिम्रो मन-मन्दिरमा छैन
जाबो एउटा सानो सेतो सीतामा नै
तृप्त हुन्छौ, संतुष्ट हुन्छौ, कृतकृत्य हुन्छौभने
तिमी ता तुच्छ, 'भोजनका भाजन' पो ह्वौ
माहिला, तिमीलाइ म 'जन' कसरी भनूँ?

(२)

दानव लामो दण्डा लिएर तिम्रो पछि पछि दौडिरहेछ
तिमी संघर्षमा अघि नसरेर लुकी, छली, डराई, कराई,

भागी भागी क्षमा-भीख मागी मागी हिँड्छौभने
तिमी ता धिक्कारका पात्र 'नामर्द' पो ह्वौ
माहिला, तिमीलाइ म 'मर्द' कसरी भनूँ?

(३)

# जनतामा अपील

म पनि एउटा पार्टी खोल्छु सहयोग गर्नुहोला।
दाजुभाइ! दिदी बहिनीहो! अघि सर्नुहोला।
मेरा लागि मर्नैपर्छ भने पनि मर्नुहोला।
शहीद हुने संमानमा नाम दर्नुहोला।

(१)

पर्चा म स्वयं लेखिदिन्छु तपाई छर्नुहोला।
पूर्व, पश्चिम, पहाड, तराई, साँझ, बिहान, खाई नखाई
खरायोको खुट्टा हाली खूब दगुर्नुहोला।
आफनो पार्टी बलियो पार्न, अखिल नेपाललाइ सपार्न,
चन्दा नदिने व्यक्तिहरुको घाँटी निचर्नुहोला।

(२)

मुख्य ध्येय– पार्टी बनाउनुपर्दछ पहिले,
स्वास्थ्य भनेको बन्दै गर्दछ पछि सुधार्नुहोला।
नबर्सने रित्तो मेघ जस्तो बेसरी गर्जनुहोला।
अश्रुग्याँस, लाठो बर्सोस् कत्ति नतर्सनुहोला।
जेल, कृष्णको जन्मस्थान हो, मन्त्रित्वको सोपान हो
मौकाले मात्र भोग्न पाइन्छ घिनले नहेर्नुहोला।

(३)

उद्घोषित भै जब म आउँला, पालो पहराहरु म पाउँला,
भेट गर्न आउनु भएमा घण्टौँ कुर्नुहोला।
कुर्दा कुर्दै ऊँघ लागी त्यहीँ घुर्नुहोला।
रात गए दिन आउँछ भेटी फर्कनुहोला।
मचाहिँ लिउँला सिंहासन, तपाईंलाइ दिउँला आश्वासन,
होलान् लाखन् मेरा आय, तपाईंले पाउने एक कप चाय,
ताईको डल्ले फुरौला जस्तो तैपनि फुर्कनुहोला।

(४)

इशारामा चल्छु भन्ने, ताल मिलाई नाच्छु भन्ने
कबूल गर्नुहुन्छ भने वाणिज्य-मंत्रिपद म दिउँला,
ज्ञान, अनुभव जे जस्तो होस् परवाह नगर्नुहोला।
देश, दुनिया मरे मर्छन्, हो त्यो मर्ने चोला,
खोजी खोजी, रोजी रोजी, गोजी भर्नुहोला।
अलिकति बाँदर किन्नुपर्दछ कनिका छर्नुहोला।

(५)

या वनविभाग नै सुम्पिदिन्छु बाघ भै चिथर्नुहोला।
कूचो मेरो हात रहन्छ पत्कर सोहोर्नुहोला।
डोकोभरभर भारी बोकी पारि झर्नुहोला।
भन्ने भन्छन् भनिरहून् ता, प्रजातंत्रमा वाक् स्वतन्त्रता,
'काग बोल्छ, पिना सुक्छ' 'कुकुर भुक्छ, हात्ती हिँड्छ'
मौका आउँछ पर्खदैन! जीवन सपार्नुहोला।

झुसिल्कीरा पुतली भए झैँ काँचुली फेर्नुहोला।

(६)

# मुखियादाइको संझना

डिल्लीबजार घर मेरो, अड्डाखाना त्यहीँ
कौसीमा गई गुच्चा खेल्थ्यौँ दिउँसो प्रायः त्यहीँ
अड्डा छुट्नासाथै, भुरा जम्मा हुन्थे त्यहीँ
भकुण्डोको खेल हुन्थ्यो भर साँझ त्यहीँ
कोही कतै पाया खेल्थे, ताश खेल्थे त्यहीँ
खोपी खेल्ने त्यहीँ हुन्थे, डण्डी बीउ त्यहीँ
रात पर्ना साथै खेल्थ्यौँ लुकामारी त्यहीँ
बार्दलीमा, बरण्डामा कुदाकुद त्यहीँ
वरिपरि टोलभरका सबै गाई चर्थे त्यहीँ
तल्ला तला खाली थिए साँडे बस्थे त्यहीँ
ठूला साना जम्माजम्मी अड्डा थिए त्यहीँ
"स्वस्तिश्री सर्वोपमा०" लेख्न सिक्थ्यौँ त्यहीँ
मलाइ लेख्न कागत दिन्थे, कलम दिन्थे बनाई
कुमारीचोक पैल्हा फाँटका प्रौढ मुखिया दाइ।

(१)

स्फटिकका झैँ गुच्चे आँखा, पोरा फुकेको नेप्टो नाक,
झोलिएका फोक्से गाला, वर्ण उनको कालो काक
छोटो घाँटी, घँटे भुँडी, निकै मोटो तल्लो ओठ,

सत्यसालको कार्चोबी टोपी, कठालो गा' को नीलो कोट
धर्के धर्के छोटो दौरा, बन्दूकको भैँ खोल सुरूवाल
कैलो कैलो धेरै मैलो मुख पुछ्ने जेबरूमाल,
उस्तै पटुका, दायाँपट्टि राख्थे छड्के कलमदाप,
कुर्कुच्चा र औँला हेर्ने रातो मोजाको अभिशाप
बुद्धि पुऱ्याई पुर्जी लेख्थे चश्मा नाकैनेर अडाई
कुमारीचोक पैल्हा फाँटका ग्वाँचे मुखिया दाइ!

(२)

अभ्रक जस्तो, गर्धनमा सात पत्र मयल थिए
आखीभैँमा चमजुम्रा, दाह्रीभरी दाद थिए
काई परेका ढुंगा जस्ता नीला पंक्ति दाँत थिए
हाँस्ता खेरि माथिल्लाका नीलै गिजा देखिन्थे
ख्वाक्क खोक्थे, ढिका झिक्थे, दाँतले छि! छी! टोक्थे, निल्थे,
सुर्ती खान्थे, आफनै छेउ पिच्च पिच्च पहेँलो थुक्थे
लामा लामा घुंघुरिएका नङले कान कनाउँथे
कानेगुजी कानभरी औ सास जुलुम गन्हाउँथे
आलस्यले आंग तानी गर्थे हाई हाई
कुमारीचोक पैल्हा फाँटका अल्छी मुखिया दाइ।

(३)

सत्र भाइको शासनकाल, बीस रूपियाँ खानु थियो
वर्षभरमा आधाचाहिँ सोह्र भाइले लानु थियो
जहान जम्मा नौओटा पेट मानु मानु थियो
एक नोकर पालेका थिए सबको त्यो अचानु थियो
आँखा स्रेस्ताथि हुन्थे चिन्ता मनमा दौडन्थे

नूनले मुटु चहराउँथे औ दाउराले जलाउँथे
शान्ति भन्नु निन्द्रा हो रे अडेसामा निदाउँथे
मानौँ मही मथे जस्तो घुर्र घुर्घुराउँथे
अड्डा रोजै आउँदथे खाना खाई नखाई
कुमारीचोक पैल्हा फाँटका मोटे मुखिया दाइ!

(४)

लेख्ने उनको बानी थियो बायाँ करले कलम समाई
बायैँ कान कलमदान, राखिदिन्थे त्यहाँ अडाई
बोके दाह्री छड्के पारी कहिले काहीँ भग्भगाई
कुरा गर्थे–पुरुखा हुन् रे मल्ल राजाका ज्वाइँ!
हिँग नभए पनि टालो थियो, घण्टा नभए पनि रालो थियो,
माकुरो कहिल्यै मरिसक्यो तैपनि बाँकी जालो थियो
उनको अनुहार देख्ताखेरि हाँस्न थाल्थे आइमाई
अड्डाभरमा लबर पाँडे सबै भन्थे उनीलाइ
उनैलाइ थाहा थिएन कल्ले भन्छ के मलाइ
कुमारीचोक पैल्हा फाँटका धन्य! मुखिया दाइ!

(५)

# उद्देश्य

म यहाँ कविता गर्न आएको होइन,
रमिता हेर्न आएको हुँ!
साँच्ची पनि म पसिना चुहाउन आएको होइन,
असिना जस्तै यसै बिलाएर जान आएको हुँ!
मरूभूमिमा बीज छरेर के हुन्छ?
चट्टानको छातीमाथि मख्खन दलेर के हुन्छ?
म कसैको पाउपोसमा आँसु चुहाउन आएको होएन,
संमानमा सके बाँच्न नसके मर्न आएको हुँ!
तूफान आँधी भएर आएको हुँ,
आफू मात्रै बहन होइन,
अग्ला अग्ला रुखलाइ ढाल्न आएको हुँ!
वर्षाको बाढी भएर आएको हुँ,
वज्रासन जमाएर बसेका
शिलाखण्डलाइ हुत्याएर गुडाउन आएको हुँ!
अष्टचिरञ्जीवी झैँ सदाकाल बाँच्न आएको होइन,
भला, त्यसैको ज्वालामा दन्केर आफैँ भस्म किन नहोऊँ
किन्तु एउटा राँको सल्काइदिन आएको हुँ!

# घरको मालिक

साँचो मेरो जिम्मामा छ, म तहबीलदार हुँ
उठतीपुठती गर्नुपर्छ अवैतनिक बहीदार हुँ
जे जस्तो होस् व्यवसायले, किंचित सिमित आयले
वर्षभर पालन गर्नुपर्छ किनकि ठेकेदार हुँ
चना, मास खुवाई खुवाई साबुन जलले नित्य नुहाई
खर्रा, बुरूश दल्नुपर्छ, पुच्छरका रौँ कोर्नुपर्छ
        म दुःखी चिरुवादार हुँ
        तैपनि घरको मालिक हुँ।

(१)

मेरो धनको शोषण हुन्छ, शक्तिको पनि शोषण हुन्छ,
समयको शोषण हुन्छ, स्वाधीनताको शोषण हुन्छ,
मेरा नेता कोही छैनन्, देख्ने जनता कोही छैनन्,
अहर्निश हाइ ! हाइ ! तोबा तोबा ! दुहाई ! दुहाई !
महात्माको चन्दन-लेपन, हाड घोटाइ मेरो
उत्पादन अर्काकै छ खालि पसिना मेरो
        म मजदुर या किसान हुँ
        तैपनि घरको मालिक हुँ।

(२)

चामलका ती दाना दाना मिल्छन् एक माना
नाङ्लोबाट निफनिएको, फयाँकिएको ढुटो हुँ
सागपात उब्जा गर्ने, फल और फूल पैदा गर्ने
आफू माटो खोस्री खाने पाँच फीटे कुटो हुँ
श्रीखण्डका ती कृति हुन्, सौन्दर्यका विभूति हुन्,
तिनकै कदर हुनुपर्छ, इज्जत तिनकै रहनुपर्छ
म धोत्रो रूखको ठुटो हुँ
तैपनि घरको मालिक हुँ।

(३)

# बत्ती निभ्दैन

भोटे कुकुरको भुकाइले भुके पनि
सात सासलाइ संगालेर फुके पनि
        बत्ती निभ्दैन
हजार ढुंग्रो लगाए पनि
हजार खलांती चलाए पनि
एकचोटि बलेपछि बल्यो, बल्यो
        बत्ती निभ्दैन
हतासिएको बतासले चाहे पनि
अनि अंधो आँधीले आँटे पनि
लाख तूफानले प्रयत्न गरे पनि
पवनसुत हनुमान्ले ज्यूज्यान दिए पनि
        बत्ती निभ्दैन
मानिसको हृदयमा जब झिल्का जन्मन्छ
त्यही झिल्का झिल्का मिलेर भुङ्ग्रो हुर्कन्छ
त्यही भुङ्ग्रोबाट जब क्रान्तिको ज्वाला बल्छ
चन्द्र निभ्लान्, सूर्य निभ्लान्, सारा तारा निभ्लान्
        किन्तु त्यो बत्ती निभ्दैन

# यो मान्छे

घोर जंगललाइ आवाद् गरेर विशाल नगर बनाउने यो मान्छे!
अपार महासागरलाइ स्वनिर्मित पोतमा बसेर पार गर्ने यो मान्छे!
निराधार आकाशमा विहंग जस्तो विचरण गर्ने यो मान्छे!
सगरमाथाको तालुमाथि कालो बूटले कुल्चन सक्ने यो मान्छे!
वनमा कुहिएर खेर जाने घाँसपातबाट संजीवनी तैयार गर्ने,
आतुर जनलाइ नव जीवन प्रदान गर्ने यो दयालु मान्छे!
एक अस्त्र-प्रक्षेपणले लाखौँ मान्छेको एकै चिहान तुल्याउन सक्ने
यो पराक्रमी मान्छे!

(१)

एक तत्वलाइ फोडेर बयानब्बे तत्वमा विभाजन गर्न सक्ने
यो तत्ववेत्ता, तत्वविजयी मान्छे।
नव नव भूग्रह आविष्कार गरेर अंतरिक्षमा परिभ्रमण गराउन सक्ने
यो मान्छे!
एउटा वाष्पकण तौल्न सक्ने यो मान्छे।
वायु औ तेजको गति जान्न सक्ने यो मान्छे!
एउटा जीवाणुको आकार प्रकार देख्न सक्ने यो मान्छे।
सूर्यको मुटु छाम्न सक्ने यो मान्छे!
अनन्त ज्ञान, विज्ञानमा पोख्त भएको यो मान्छे!

देवगुण संपन्न, देवतुल्य यो मान्छे !

(२)

'उः एउटा सानो कमिला किचिमिचि भई मरेछ ।'

भनन त उः त्यहाँ उभिएको छ तीन हात बित्ताको ठूलो मान्छे !

उसैले अंग प्रत्यंग यथा स्थान गरिदिन सक्छ,

पुनः प्राण-संचार गरिदिन सक्छ,

त्यत्रो महापौरखी मान्छे ! !

सर्वज्ञ मान्छे ! !

सर्व शक्तिमान् मान्छे ! ! !

(३)

# बूढो गयो

बूढो गयो त के भयो ?
एउटा कचकच गयो फतफत गयो,
अहर्निश टीका टिप्पणी, रूखो आलोचना गयो,
स्याहारसुसारको भारी बोभ्र भारी बिसाए भैं भयो,
शिशिरऋतुको पहेँलो पात
वेला पुग्यो, भऱ्यो, गयो।

(१)

बूढो गयो,
भला, एउटा कोठा त खाली भयो
औ केही अन्नको बचाउ भयो,
खाक्कखुक्क थुक्कथाक्क
वीभत्सताको शाप गयो,
धरा एउटा खोला हो
भदौरे भल आयो, गयो।
बूढो गयो त के भयो ?

(२)

चुनोट लुगा झैं चाउरी छाला
खोया जस्तै खाली दाँत
बरखी जस्तै केश फुलेको
जीवन थियो आघात
थरथर देह, घरमर आँखा,
इन्द्रधनु झैं यो दुनियाँमा
कालो बादल उडयो, गयो।
बुढो गयो त के भयो?

(३)

बुढो गयो त के भयो?
घरको ओज, कान्ति गयो,
मेलमिलाप औ शान्ति गयो
ठूलो अनुभव, ज्ञानको–कूप होइन– सिंधु गयो,
अदृश्य अनुशासन, बन्धुवर्गमा प्रभाव गयो,
टिलपिल पिलपिल जे भए तापनि
मध्य रातको दीप गयो।
चाहे शिशुको खलबल मचोस्
तैपनि त्यो घर बगर भयो।

(४)

शालग्राम जसलाई हामी दिन दिन पुज्छौँ
यदि घरबाट त्यो गयो
त के कालो ढुंगो गयो?
हैन, विष्णुको अवतार गयो,
भावनाको पुंज गयो,

साधनाको निकुंज गयो,
श्रद्धाको आगार गयो,
भक्तिको आधार गयो,
बूढो गयो त के भयो ?
इतिहासको राश गयो,
मालाको सुमेरु गयो ।

(५)

# गर्व खर्ब

म धरहराको बार्दलीमा छु
सबभन्दा माथि छु।
मेरो पैतलाको तल सबको तालुपर्छ
मेरै पाउमुनिमुनि सबले जानुपर्छ
पशुपतिको गजुरभन्दा मेरो आसन माथि छ
स्वयंभूको स्तूपभन्दा मेरो ठूलो समाधि छ
ती तल तल हिड्ने केका मान्छे हुन्थे ?
चिनी चोरी गर्न जाने कमिला तुच्छ मगन्ते !

(१)

म धरहराको बार्दलीमा छु
सबभन्दा माथि छु।
विशाल भवन टड्कारा छन् नहेरी बस्न सक्दिनँ
साना तिना झुप्रा झाप्रा म केही देख्तिनँ
वाग्मती, विष्णुमती, मनोहरा बहेको देख्छु
कसैको आँशु अथवा पसिना बहेको चाहिँ देख्तिनँ
टाढाका ती सगरमाथा, गौरीशंकर चिन्छु
आफ्नै घरको सामु सानु ढिस्कोलाइ चिन्दिनँ।

(२)

म धरहराको बार्दलीमा छु
सबभन्दा माथि छु।
मलाइ हेर्न खोज्नेको समेत टोपी खस्छ
यो ठाँउमा आइपुग्न त झन् को सक्छ!
मेरो टाउको माथिबाट एक आवाज आयो
पैले मैले वास्ता गरिनँ फेरि पनि करायो
मेरो गर्व खर्ब भयो जसै आँखा उठाएँ
गजुरमा गिद्ध बसेको रहेछ म त जिल्ल खाएँ!

(३)

# मेरी श्रीमती

सानी सानी पातली पानपाते जीउकी
एक बीरा पानसित लगी तौलीदिऊँ कि ?
झीना झीना नलीहाड मानौँ नर्कट जस्तो
एक मूठीभरको कमर मानौँ लुसी जस्तो
ऊचाइ केवल एक कुरेत ! या त बित्ता जति !
यस्ती छन् मेरी श्रीमती !

(१)

कुर्ता, सुरूवाल लाइदियो चौध वर्ष जस्ती
चार छोरा छोरी देख्ता अठ्ठाईस वर्ष जस्ती
सिंगारपटार गर्दा खेरि खेल्ने पुतली जस्ती
खल्तीभित्र हालिदियो पाकेट रूमाल जस्ती
आँखामा पनि पस्न सक्ने रातीगेडी जस्ती
मूखभित्र अड्न सक्ने मीठो पिपी जस्ती
कानमाथि बस्न सक्ने ठुटो चुरोट जस्ती
कोटमाथि सिउरिदिँदा चिनियाँचम्पा जस्ती
गुन यिनका कति कति !
यस्ती छन् मेरी श्रीमती !

(२)

म आफु मजुर जस्तो उनी मुनियाँ जस्ती
या त म मस्यौरा जस्तो उनी तितौरा जस्ती
कैलेभने छिटी छरिती, कैले अलमस्ती,
कैले निकै मिलनशीला, कैले जबरदस्ती,
कति भनू कति लेखूँ तिनको प्रशस्ति,
अझै मैले चिन्न सकिन खै कस्ती कस्ती।
मेरो आयु झुण्डेको छ तिनको तिलहरीमा
ती सौभाग्य सती!
यस्ती छन् मेरी श्रीमती!

(३)

ठूलो हुरी आयोभने समाइरहनु पर्ने
पात जस्तो उडाइदियो भने के गर्ने?
मुसलधारे पानी पर्दा यादै गर्नु पर्ने
कुलेसोले बगाइदियोभने के गर्ने?
चट्यांग बज्र चल्दा 'कोलाहा!' भन्नु पर्ने
नत्र सातो गइदियोभने के गर्ने?
आर्कालाइ पाएँ भन्दैमा भन्नु हुन्न रे अति
यस्ती छन् मेरी श्रीमती!।

(४)

देवी? हो, लौ लौ गृहदेवी, देउती,
घरको कोप्चे खोपामा बढारकूँढार पारेर
गोबर, रातोमाटोले लिपपोत गरेर
च्याण्टे चाँदी–सिंहासनमा थुपुक्क राखिदिउँला
एउटा धूप सल्काएर, एउटा बत्ती बालेर

एउटा सानो बेलीमा दुई दाना सतिबयर राखिदिन कति बेर ?
उनलाई खानलाइ फलफूल भइगयो
ढुंगाकी लाटी मूर्ति होइनन्
टयाउँटयाउँ बोल्ने साक्षात् भगवती
यस्ती छन् मेरी श्रीमती !

(५)

तिनी सानी, सानी शीतकी कण
प्रातः कालको दूबोको गालामा बसेकी शीतकी कण
रविको पहिलो रश्मिमा सप्त रंग फ्याँक्ने शीतकी कण
कविताकी जननी, कलाकी संगिनी शीतकी कण
होइन, होइन थोरिअम–यूरेनिअम धातुकी लघुतम कण
एक चोटमा, एक विस्फोटमा घर–व्यवहार संहार हुने
सब आश, ऐश, यश बेकार हुने
उक्त धातुकी जाज्वल्य कण
सुन्दरता र भीषणाताकी एक साझा संपती
यस्ती छन् मेरी श्रीमती !

(६)

दिलमा ठूलो ताप छ
किनकि गालामा चायाँको कालो छाप छ
चन्द्रमामा खण्डग्रास, सौन्दर्यको भो उपहास
धोए पनि जाँदैन, पुछे पनि जाँदैन,
दले पनि जाँदैन, खुर्के पनि जाँदैन,
कति लाइन् ओखती, कति पैसाको भो खती
यस्ती छन् मेरी श्रीमती !

(७)

पेटमा कुरा नअड्ने, हातमा पैसा नअड्ने,
नैनमा आँसु नअड्ने, ओठमा हाँसो नअड्ने,
बिजुली जस्तो आयो, गयो, रिस धेरै नअड्ने,
कुनै अंग उपोगमा आलस्य कति नअड्ने,
भरदिन तिनलाइ फुर्सत छैन रती
यस्ती छन् मेरी श्रीमती

(८)

बाघिनी भनूँ भने दाह्रा छैन, नागिनी भनूँ दुई जिभ्रो छैन,
बैरागिनी भनूँ? अलखा छैन, माला छैन,
अनुरागिनी हुन् ती, सौभागिनी हुन् ती,
सावित्री, सीता, दमयन्ती हुन् ती,
मेरो मुटुको स्पन्दन हुन् ती,
वक्षस्थलको चन्दन हुन् ती,
सितार र तार जस्तो जीवनभरकी संगति,
यस्ती छन् मेरी श्रीमती!

(९)

जन्तर, तिनी जन्तर
गुभाजुले बाँध्ने झुम्राकी बूटी होइनन्
मखमलको, चारपाटे, चट्ट परेकी जन्तर
अथवा तिनी मन्तर, मोहनीमन्तर
त्यसैले त मलाइ यस्तरी एकोहोराएकी
हेरूँ हेरूँ लाग्ने, बोलूँ बोलूँ लाग्ने

हरहमेशा नजीकै बसूँ बसूँ लाग्ने
आँखाको ओझेलमा परिन्भने
डाँकै छोडेर रुउ, रुउ लाग्ने
मोहनीजाल बुन्नामा साह्रै शिल्पवती
यस्ती छन् मेरी श्रीमती।

(१०)

नाम तिनको 'भुवनेश्वरी', तिनी हुन् मेरी हृदयेश्वरी,
मेरो जीवन तिनकै करमा, तिनी नै मेरी प्राणेश्वरी,
वाक्यविना म लेख्न सक्दिनँ तिनी नै मेरी वागीश्वरी,
साहित्य नै हो मेरो साधन, तिनी नै मेरी सिद्धेश्वरी
मनमा कल्मष, कपटविनाकी मानौँ पावनी वाग्मती
यस्तो छन् मेरी श्रीमती।

(११)

त्यो घर बगर हो जहाँ स्त्रीको पूजा हुँदैन,
त्यो ढुकुटी दारिद्र्यको भृकुटी हो जहाँ श्रीको पूजा हुँदैन,
सौग्दर्य, स्वास्थ्यको समन्वय रहन्छ जहाँ गाईको संमान हुन्छ
देवदेवी त्यो घरमा रम्छन् जहाँ आइमाईको मान हुन्छ,
त्यसैले हुँ म भक्त बनेको उनी वरदा पार्वती
यस्ती छन् मेरी श्रीमती!

(१२)

# चोर औंला

बूढीऔंला आमा भइगई संतान उसका चार भए
माहिली माझी, साहिली, कान्छी साना साना हुँदै गए
सबको अगुवा जेठो औंला 'चोर औंला' किन भने?
यसले कसको के चोर्यो र नाम यसको चोर हुने?
जसले रूपको तारीफ गर्छ नानी राम्रो भन्छ
खबरदार गर्ने काम यसैको,सबको रक्षा हुन्छ
संगीतकारको सितारमा यसकै दरकार पर्छ
लेखकहरुको कलम समात्ने कार्य यसैले गर्छ
चित्रकारको मेदद्गार रंग यसैले भर्छ
ललितकलाको मेरुदण्ड यो सबको जरूरत पर्छ
यसले कस्तो संज्ञा पायो! चोर यसको नाम?
के त न्याय, विवेक हो यो? 'चोर औंला' राम! राम!
हाम्रो जाति ज्यादै कृतघ्न छ पर सेवा देख्तैन
निराधार, निरालम्बमा बदनाम नगरी छोड्दैन
यस्तो जाति विश्वमाझमा कहिले माथि उठ्तैन
आफ्नो गोडा अफै काट्ने भरिया भंझ्याङ पुग्दैन

# कुकुर

आ, कुकुर ! आ,
खा, कुकुर ! खा
म तँलाई माया गर्छु
कति मेरो आवाजमा हंसिए पुच्छर डोलाउँछस्
लुखुर लुखुर आई आई मेरा पाउ चाट्छस् !

(१)

आ, कुकुर ! आ,
खा, कुकुर ! खा,
म आफु मासु खान्छु तँलाई हाड दिन्छु
आफ्नै गिजाले रक्तसित त्यही हाड खान्छस्
मैले जता लाइदियो उतैतिर भुक्छस्
कलमको दाह्राले उसैलाई टोक्छस् ।

(२)

आ, कुकुर ! आ,
खा, कुकुर ! खा,
मेरो जुठो एक गाँस
खाइ हाल्छस् एकै सास

जीवनभरको लागि बन्छस् ढोका ढुक्ने परम दास,
जुत्ता हान्यो कुइँ कुइँ रुँदै रुँदै जान्छस्
चेइ चेइ डाक्योभने पुच्छर डोलाई आउँछस्
रिस, ईख कत्ति नभएको कस्तो गुनिलो जात !

(३)

आ, कुकुर ! आ,
खा, कुकुर ! खा,
त्यो साँढे डुक्रन्छ, हान्न फुइँ गर्छ
बाटो घाटो बथानेर जोधाहा भई बस्छ
त्यस्तालाइ कल्ले दिन्छ चना, मास, भटमास ?
म त त्यल्लाइ कहिले दिन्नँ एक मुठी घाँस।

(४)

गाईको छोरो, गाईको बाबु साँढे एउटा पावन हो
स्वाधीनताको मस्त पुजारी फेरी शिवको वाहन हो
उसका भाइ हलो जोत्छन्, दाइ दाइँ गर्छन्
दिदी, बहिनी झरना झैं नित्य अमृत दिन्छन्
कुकुर जस्तो के बन्थ्यो त ? बरू भोकै मर्छ
पाउ चाट्न जाँदैन उ न ता पीछा पर्छ

(५)

# मलाइ डर लाग्छ

बादलको डोलीमा चढेर मलाइ अंतरिक्षमा
डुलूँ डुलूँ झैं लाग्छ
इन्द्राणीको डोरीका दशैँको जूनमा
पीङ खेलूँ खेलूँ झैं लाग्छ
तिमी कोदाको रोटी पनि खान नपाएर
यसै मर्छौ भने मर
शशीरूपी स्वारी एकै डल्लो पारेर बुझो
हालूँ हालूँ झैं लाग्छ
ती छरिएका गोलभेडालाइ खलमा पिनेर
चाटूँ चाटूँ झैं लाग्छ
कागतको डुंगा बनाएर आकाश गंगा तर्न
आटूँ आटूँ झैं लाग्छ
च्याङ्पटी घुमे झैं दिमाग नै चक्कर खाएजस्तो लाग्छ
मलाइ डर लाग्छ,
कता म बौलाहा पो हुन्छु कि जस्तो लाग्छ

(१)

कर्कलाको पातको मोती टिपेर माला
उनूँ उनूँ झैँ लाग्छ

बोक्सी बूढीलाइ लाइदिऊँ र उसले गरेको गाली
सुनूँ सुनूँ भैँ लाग्छ
दूबोको ओसको सप्तरङ्गमा आफ्नो मूखको रङ्ग पनि
हेरुँ हेरुँ भैँ लाग्छ
आफु काग भए पनि मयूरको प्वाँख घुसारेर उही भाखा
फेरुँ फेरूँ भैँ लाग्छ
राम्री हुनलाइ ठिटीले रौँ रेटेको देख्ता
वैला घोडाको पुच्छर काटे भैं लाग्छ
स्वास्नीको फाटेको सारीको बुशशर्ट लाएर हिँड्ने
लोग्ने छोरोलाइ देख्ता
खितखित खित्का छोडेर एक हप्तासम्म
हाँसू हाँसू भैँ लाग्छ
मलाइ डर लाग्छ,
कता म बौलाहा पो हुन्छु कि जस्तो लाग्छ

(२)

वर्षाऋतुको टुँडिखेललाइ दोब्राएर मखमलको ओढ्ने
ओढूँ ओढूँ भैँ लाग्छ
कहिले धरहराको गजुरमा पुगेर शिर्षासन
गरुँ गरुँ भैँ लाग्छ
हाँडीमा मकै, भटमास भुटे जस्तो
आह्लीमा लप्सी र गुन्द्रूक साँधे जस्तो
मस्तिष्कमा तंतु खहरिए जस्तो,
मुटु र कलेजा अमिलिए जस्तो लाग्छ
जैले म सूर्यलाइ हेर्छु – के भएको !
– ग्रहणले छोपेको जस्तो लाग्छ

रात त रात भइहाल्यो
दिन पनि तावा झैँ अन्धकार लाग्छ
धोती र टोप, लाँएर हिडिँरहेछु
तैपनि मस्त निदाए जस्तो लाग्छ
मलाइ डर लाग्छ,
कता म बौलाहा पो हुन्छु कि जस्तो लाग्छ

(३)

फुटेको कहतारो र गाँजाको चिलिम
बायाँ कमरमा जोरेर
झ्यापुल्लो कपाल, लामा नङ,
झम्पाट पाखी आधा आँगमा ओढेर
हर्नाट भएको कुर्कुचाबाट रगत चुहाउँदै
सिनेमाको हलहल हल्ले झैँ लाग्छ
सबैले आफुलाइ घेरेको,
आफुचाहिँ आकाशतिर हेरेको वेला
ढ्वांगले फिल्मी गीत कड्केको सुन्दा सातोपुत्लो उडेर
भागूँ भागूँ झैँ लाग्छ
आफ्नो संस्कृति र सभ्यता सिमपानी भञ्ज्याङबाट
भीर भीरतिर गुडे झैँ लाग्छ
अनि त रोमांचित भएर
सारा होश हवास नै उडे जस्तो लाग्छ
मलाइ डर लाग्छ,
कता म बौलाहा पो हुन्छु कि जस्तो लाग्छ

(४)

म कलमको दासले
कुनै पनि महाप्रभुलाइ रिझाउन सकिनँ
म आफु त्यही रूखमनि तप गरेर बस्ने
नांगो जोगी पो हुँ कि झैँ लाग्छ
अस्थिपंजर भैसकेको, सबै रगतको थोपा सुकिसकेको देह
आर्यघाटको खुला पाटीमा लडेको त्यही रोगी झैँ लाग्छ
भीममल्ल र भीमसेन थापाको सेवालाइ
नेपालले राम्ररी चिन्यो
म पनि भीमनिधि भएको हुनाले
त्यही परंपरा कायम पो हुन्छ कि झैँ लाग्छ
काटिएको चङ्गा झैँ दिमाग नै बिनालक्ष्य
कहाँ कहाँ गए जस्तो लाग्छ
मलाइ डर लाग्छ,
कता म बौलाहा पो हुन्छु कि जस्तो लाग्छ

(५)

# उ मरेकोमा

उ मऱ्यो त मऱ्यो,
उसले जग, जनलाइ के गऱ्यो ?
एउटा फल गुड्यो, हाँगालाइ हलुका भो
एउटा काग उड्यो, हाँगालाइ हलुका भो
किञ्चित् अंशमा भए पनि अन्न सस्तो भो
त्यस्तै, केही गज कपडासम्म त किफायत भो
यस्तो सांग्रो सडकमा घुइँचो नै कम भो
पृथ्वी माताको छातीको जलन शीतल भो
उ मर्यो त मर्यो
उसले जग, जनलाइ के गर्यो ?

(१)

एउटा तारा खस्यो त खस्यो नभलाइ के हुन्छ !
एउटा फोका फुट्यो त फुट्यो नदलाइ के हुन्छ !
शशी खसेका हैनन् त, नाउ घोप्टेको हैन त
सानो जाबो तुच्छ कुरा ! एउटा त्यान्द्रो कुहिएको !
कसले महिमा गाउँछ ? कसले आँसु बगाउँछ ?
मुसारूँ मूसार्न नहुने थियो मकैको जुँघा उ
घुसारूँ घुसार्न नहुने थियो फर्सीको थुँगा उ

उ मर्यो त मर्यो
उसले जग, जनलाइ के गर्यो ?

(२)

किसानको पसीना चोर्ने एउटा मूसा मर्‍यो
मौरीको चाका चुम्ने एउटा कमिला मर्यो
सारंगी पेट हामी छँदै छौ एउटा दमा भुँडी गयो
रित्तो दुने आँखाले हामी हेरिरहेछौं
एक बोतल हाला, भकुण्डे गाला गयो
उ मर्‍यो त भर्‍यो,
उसले जग, जनलाइ के गर्‍यो ?

(३)

उ बालुवाको राश थियो जलको शोषण गर्थ्यो
निर्माण गर्ने श्रमजीवी यता प्यासले मर्थ्यो
अलिकति वायु शुद्ध भयो अब छोड्दैन दूषित सास
जलाउन दाउरा खर्च किन ? खनेर गाड लाश
पश्चाताप गरेर सडोस् जन-हित केही गरिनँ
एक दानाले माना हुन्थ्यो तैपनि ब्यू छरिनँ
एउटा सानो भुसुना उड्छ त्यसमा छ जीवन
एउटा ठूलो चंगा उड्छ त्यसमा के जीवन !
उ मर्यो त मर्‍यो,
उसले जग, जनलाइ के गर्‍यो ?

(४)

एक कलाकार मर्छन्, क्रान्तिकार मर्छन्,

जसले जन-जीवनलाइ भारी हानि गर्छन्
'सबैको मृत्यु एकै हो।' हो त नि, तौल एकै हो,
पित्तले ढकले सुन जोख्छ, काँटा त बराबर हुन्छ
किन्तु के गर्छौ साथी, ढक ढक, हो : सुन, सुन;
मूल्यमा अगाध अंतर पर्छ
उ मर्यो त मर्यो
उसले जग, जनलाइ के गर्यो ?

(५)

# कर्द

कर्द ? हो, हो, तँ कर्द
मैले तँलाइ चिन्हेको छु तँ जवानमर्द
त्यसैले त भरियाको आलु, मूला काट्छस्
(१)

खुडा भएको भए देखि राँगो मार हान्थिस्
खुकुरी मात्रै भए पनि खसी छ्याक्क पार्थिस्
तँ कर्द, खुकुरी छोरो, जवानमर्द
कोखाभित्र पस्न पाए मान्छेलाइ ढाल्छस्
(२)

हो तँ नि तँ ठूलो हतियार, चक्कुको मतियार,
भागबण्डा बराबर पार्न उस्तै होशियार
हलुवाईको थालभरी जति बर्फी, बम्बैसन
हामी देख्छौ चारपाटे उत्रै उत्रै छन्।
तेरो तीखो धारको कत्रो छ प्रचार।
(३)
तँ तरवारको सालो, खड्गको जुवाइँ
तेरो ऊँचो खानदान तेरै त छ कजाइँ

हामी जाबा हँसिया, बगम्फुसे बंचरा
घाँस काट्नु, दाउरा चिर्नु कर्म ! कठैबरा !
दापभित्र बस्नलाइ हामी कहाँ पाउने ?
घाम, पानी सही सही जीवन बिताउने

(४)

हो, हो, अवश्य हामीले तँलाइ मान्नुपर्छ
तँ नै हाम्रो जातीयता, तँ नै हाम्रो आवश्यकता
तर, मान लिन खोज्नेले पनि मान लिन जान्नुपर्छ
अति मान खोज्नेले पाउँछ झन् भुक्तमान
मित्र दाना केही छैन केको फोस्रो अभिमान ?
हो त नि तँ तीखो, साह्रै नै तीखो
हामी जस्तो बोधो होइनस् चकमक भन्दा तीखो !

(५)

# बाईस धारामा

तुषारोको ज्वालाले माथ डढेको दूबोमाथि
पल्टिरहेथेँ घाममा आँखा थिए माथि माथि
बाईस घारा बाईस श्रुति-संधानमा गाइरहेथे
काई परेका ढुंगाद्धारा चित्रकला आइरहेथे
रूख रूखका शाखाबाट पहेँला पात झरिरहेथे
साउन मासको झरी जस्तै अविच्छिन्न परिरहेथे
प्रश्न भित्र भित्रै पलायो– 'किन झर्छन् पहेँला पात ?'
बसिरहून् हाँगैमाथि बस्नाले भो के आघात ?
नयाँ पात आउनलाइ पुरानाचाहिँ झर्छन्
ती पुनः पुराना हुन्छन् यस्तै रीतले झर्छन्

(१)

राम, कृष्ण झरे, गए; बुद्ध, महावीर झरे, गए;
पाणिनि, पिंगल झरे, गए; चरक, सुश्रुत झरे, गए;
यास्क, भरत झरे, गए; वात्स्यायन, कौटिल्य झरे, गए;
गौतम, कणाद्, कपिल, पतंजलि, जैमिनि, बादरायण झरे, गए;
वाल्मीकि, व्यास झरे, गए; भास, कालिदास झरे, गए;
भर्खर मात्रै हामीले देख्यौँ भानु, मोती झरे, गए;
यत्रो गन्थना यत्रो मन्थन ! यल्ले नौनी के पायो ?

समुद्रको पौडीबाट मोती, सिपी के ल्यायो ?
सृष्टिको सौन्दर्य यसैमा छ विश्वको माधुर्य यसैमा छ,
झरना जस्तै झर्नु, जानु जीवनको पर्याय यसैमा छ

(२)

# ३२५ नं को कैदी

केन्द्रीय जेल मैले देखेको छु, भद्रगोल पनि धाएको छु,
तपाई, भला विश्वास नगर्नोस् गोलघर पनि पुगेको छु,
बागी, द्रोही, चोर, डाँका, ज्यानमारा, बेहोरेको छु,
ती मात्र बन्दी हैनन्, ती मात्र कैदी हैनन्,
आज म स्वयं अनुभव गर्छु, परतंत्रताको अनुमान गर्छु,
किनकि म पनि ३२५ नं को कैदी हुँ!

(१)

वसन्तको उपवनमा परिक्रमण गर्ने इच्छा हुन्छ,
ग्रीष्मकालको वर-छहारीमा शयन गर्ने स्पृहा हुन्छ,
वर्षाऋतुको बाढीसाथ कविता बहाउने चाहना हुन्छ,
शरद्ऋतुको निर्मल सरमा कलम कोर्ने कामना हुन्छ,
यी सब भावनालाइ कस्नुपर्छ, सात घण्टा बस्नुपर्छ
किनकि म ३२५ नं को कैदी हुँ।

(२)

धेरै उत्सव पर्व भए; जन्मोत्सव कति आए, गए;
जेल सुधारको नयाँ विधान नयाँ युगमा नयाँ बन्यो,
मेरो कष्ट उस्तै रह्यो, आत्माले उही व्यथा सह्यो

अपराध त्यस्तो केही थिएन, न्यायले मेरो पक्ष लिएन,
हरदिन यातना सहिरहेछु, गली, सढी, कुहिइरहेछु
किनकि म ३२५ नं को कैदी हुँ!

(३)

राम नाम बोल्ने सुगा लोहाको पिंजडाभित्र पऱ्यो!
मधुकण संचय गर्ने मौरी लुटियो, ठगियो यसै मऱ्यो!
नदमा विचरण गर्ने माछो सानो सिसीमा सीमित हुने!
पङ्ख फिजाई नाच्ने मजुर चिडियाघरमा गलित हुने!
गाईको खुट्टा बाँधी बाँधी दूध दुहिने उपमा हुँ
किनकी म ३२५ नं को कैदी हुँ।

(४)

यही बन्धन, यही जीवन, आज एक्काईस वर्ष बित्यो
प्रतिभा– घार कुंठित भयो, प्रेरणा-पख खंज भयो
निकुञ्जमा फुल्ने फूल मरूभूमिमा सुक्यो गयो।
कल्ले सुन्ने यो क्रन्दन? कल्ले हेर्ने यो स्पन्दन?
परतन्त्र पार्ने पापी पेट! मसाने मुर्दाको राँको हुँ
किनकि म ३२५ नं को कैदी हुँ!

(५)

# सन्तोष

कोसित मलाइ के वास्ता ? एउटा कलम भए पुग्छ
वर्तमानसित तिमी नै खेल मलाइ भविष्य भए पुग्छ
सानै भए पनि, थोरै भए पनि तर काम गर्नुपर्छ
आराम अरू केही चाहिन्न पूसको घाम भए पुग्छ
रित्तो खल्ती बजाएर जीवन बिताउनुभन्दा
लाखको थुप्रो नोट नहोस् तीन दाम भए पुग्छ
इन्द्रेणीको माला, मेघको धूप, विद्युत् बत्ती बलोस्
शारदाको अर्चना गरुँ यत्ति सर्जाम भए पुग्छ
ग्रीष्मको मध्याह्नमा नामका भोका भौंतारिऊन्
एउटा कोकिल, एउटा गुलाब वसन्तको शाम भए पुग्छ
आत्मा मेरो पुकारा गर्छ सबैले रचना पढिदिऊन्
कसैको दिलमा चोट नलागोस् नीलडाम भए पुग्छ
समुद्र ठूलो, आकाश ठूलो, हृदयको स्थान अझ ठूलो छ
आडम्बरी सलामको लाम ह्वैन प्रेमको एक प्रणाम भए पुग्छ
इम्पेरियल होटेल, होटेल न्वायल डिनर गर्ने गरिरहुन्
रातो चामल, कालो दाल एक गाँस माम भए पुग्छ
मखमली रातो कुर्सीमा म अग्नि-ज्वाला देख्छु
खस्रो पिढी गुन्द्रीमाथि मीठो विश्राम भए पुग्छ

बिजुली बत्ती भव्य भवनमा घामलाइ बिर्साओस्
देशको खातिर एउटा राँको निष्काम भए पुग्छ

# मेरो जीवन

बगैँचामा झुल्नु पर्ने यो झुप्पा अंगुर।
भयो दिवालघडीको लंगूर
ट्याकट्याक ट्याकट्याक, घर अड्डा, घर अड्डा
ट्याकट्याक ट्याकट्याक, सधैँ यात्रा उस्तै छ
मेरो जीवन यस्तै छ।

(१)

जलनको वेदना कस्तो हुन्छ गोलसित गएर सोध
हतियारको प्रहरा कस्तो हुन्छ अचानोसित गएर सोध
बंधनको बाधा कस्तो हुन्छ आएर मसित सोध
दिवालघडीको लंगुर! ट्याकट्याक ट्याकट्याक
हफ्ताको एकचोटि अझ मूर्रा कस्तैछ
मेरो जीवन यस्तै छ।

(२)

उता मिनेटको सियोले एउटा घेरो घुम्छ
यता दिलको पिँढीमा दर्द जातो घुम्छ
गिद्ध बन्न सके हुन्थ्यो बरू सिनो खाई बाँच्थे
स्वाधीनता त मिल्थ्यो त्यस्तै व्यापक दृष्टि हुन्थ्यो

म सदाचारी ! श्री ५ को सरकारको कर्मचारी !
दिवालघडीको लंगुर ! ट्याकट्याक ट्याकट्याक
मध्याह्नको घाममा पीङ खेले जस्तै छ
        मेरो जीवन यस्तै छ ।

(३)

जीर्ण तन्त्र चुँड्यो, गयो; नयाँ तन्त्र आयो
घाटको निर्जीव सिढीले पर्यन्त खुशी मनायो
सुकुल, गुन्द्री, चटाईको हातमा शासन-सूत्र
नेपाल आमा मुस्काउँछिन् देखी आफ्ना सुपुत्र
खोल बदलियो, बस, मोल बदलियो
दिवालघडीको लंगुर ! ट्याकट्याक ट्याकट्याक
भित्र सितारको तार जस्ताको तस्तै छ
        मेरो जीवन यस्तै छ ।

(४)

पूर्व-पश्चिम, पूर्व-पश्चिमल भास्कर पो भएँ कि म ?
बीरगंज–अमलेखगंज एन.जी.आर. त भइनँ म ?
ठण्डा पानी पिई पिई घूँवा, आगो ओकल्ने
सानो वाष्प-कण हुँ म ठूलो इंजन धकेल्ने
किन्तु कर्म यस्तै रैछ, लीगमै गुड्नु पर्ने ।
दिवालघडीको लंगुर ट्याकट्याक ट्याकट्याक
कति चल्नु पर्ने हो भित्र दम प्रशस्तै छ
        मेरो जीवन यस्तै छ ।

(५)

ओहोर दोहोर, ओहोर दोहोर सिकर्मीको रण्डा हुँ
घर घाट, घर घाट या गयाको पण्डा हुँ
यस्तो जीवन के जीवन! व्यर्थको वितण्डा हुँ
चंगाको पुच्छरै भएर पनि उड्न पाए हुन्थ्यो
पूर्व-पश्चिम पहाड-तराई हिँड्न पाए हुन्थ्यो
दिवालघडीको लंगुर! ट्याकट्याक ट्याकट्याक
वर्षौं वर्षौं सम्म पनि पूर्जा अस्तव्यस्तै छ
मेरो जीवन यस्तै छ।

(६)

मधानी झैँ घुम्न पाए कति नौनी झिक्थेँ
साहित्य-शरीर पुष्ट हुन्थ्यो, हृदय हृष्ट हुन्थ्यो
उभय लाभ थियो नाइँ काँचको गुज्जा देख्तैन
कलम भएर के गर्नु? मसी नभए लेख्तैन
प्रतिभा र स्वाधीनताको समन्वय हुनुपर्छ
कोयली यसै गाउँदैन वसन्त आउनुपर्छ
दिवालघडीको लंगुर ट्याकट्याक ट्याकट्याक
समय र शक्तिको दिन्हौँ ह्रास खुलस्तै छ
मेरो जीवन यस्तै छ।

(७)

# दृष्टिभ्रम

'यो वालुवाको ढिस्को हो यसको के भर छ?
यो माटोको थुम्को हो यसले के गर्छ?'
अगाडी पर्दा कालो छ या त नैनका जालो छ
स्पष्टसित देख्न सकेनौ शक्तिको तौल गर्न सकेनौ
भूगर्भवेत्तासित गई सोध यथार्थ व्याख्या देलान्
'ज्वालामुखी पहाड हो भित्र पेटमा आगो छ।'

(१)

मेरै लागि दुनियाँ मर्छन् ईटा चाँदी भन्छ
मेरो इज्जत झन् ठूलो सुनको साँप्ला भन्छ
यो जाबो के हो र! यल्लाइ कल्ले गन्छ?
न ता यसको मासुबाट कुनै गहना बन्छ
वैज्ञानिकसित सोधिहेर 'यो यूरेनियम धातु हो
यसको कणको छातीमा घोर विकराल विस्फोट छ।'

(२)

कवि देख्ने कवि देख्छन्, गायक देख्ने गायक
बुद्धू देख्ने बुद्धू भन्छन् लायक देखने लायक
भिन्न भिन्न चेहारा झैँ भिन्न भिन्न आँखा छ

एउटै गीत गाउने पनि भिन्न भिन्न भाखा छ
सप्त सिन्धुको पानी पोख तैपनि निम्न नसक्ने
एक करोड नेपालीको यो नै एउटा राँको छ।

(३)

(कुनै बहुला कवि-संमेलनमा गएछ
उसलाइ पनि कविता लेख्ने सोख भएछ
आधा रातमा बल्ल प्रतिभा बास्यो
जसको शीर्षक छ' पानी हाँस्यो।)

# पानी हाँस्यो !

गौरी बैनीको गाँड पिनेर चन्दन चन्दन पाऱ्यो
नाम नभाको बिरूवा कैले उखल्यो, कैले साऱ्यो
हट्टाकट्टा टाउको नभाको एउटा मुर्कट्टाले
गुइँठाको तक्मा छातीमा टाँस्यो टाँस्यो
पानी हाँस्यो ! पानी हाँस्यो !

(१)

मूर्ख आमाले लाको टीको बुद्धिमती छोरीले पुछी
अर्ती दिने सासूको थुतुनो जानिफकार बुहारीले लुछी
उसिनेको फुलले सोह्रश्राद्धको पिण्ड दियो !
तातातातो चियाले तर्पण रे ! लौ नास्यो नास्यो
पानी हाँस्यो ! पानी हाँस्यो !

(२)

सप्पै तारालाइ हाडीमा हालेर मकै भुट्न थाल्यो
एकै चन्द्रमा बाँकी थिए कराहीमा पुरी हाल्यो
वेलायती कश्मीराको नयाँ ओभरकोटमा
मगर्नीको फाटेको गुन्यूको टालो गाँस्यो गाँस्यो
पानी हाँस्यो ! पानी हाँस्यो !

(३)

कहतारोमा गुन्द्रुको झोल, सालको पातमा भात
तेरो भाषा ? तेरो संस्कृति ? लौखा लातैलात
त्यस्तो सद्दे सिनेमा ! यस्तो थोत्रो कोपरा !
अक्कलीले नक्कलीको लागि मास्यो त मास्यो मास्यो
        पानी हाँस्यो ! पानी हाँस्यो !

(४)

कविता लेख्ने खुस्के दिमाग खिस्स खिस्स हाँस्यो
कविता सुन्ने बहिरो श्रोता मरी मरी हाँस्यो
अक्कास हाँस्यो, पत्ताल हाँस्यो, हावा हुरी हाँस्यो
मन्त्रालयको यन्त्रालय रून्चे हाँसो हाँस्यो ।
        पानी हाँस्यो ! पानी हास्यो !

(५)

# टुकुचालाइ

टुकुचा ! आ ! म तँलाई वाग्मती बनाइदिन्छु–
कति पीठोलाइ मैले बेसार बनाएको छु
कति धुवाँसोलाइ मैले चूक गराएको छु
विश्वास छैन ? लौ त लौ उः सोध् गएर
पीठो, धुवाँसो रमाइरहेछन् उन्नतपदमा पुगियो भनेर ।

(१)

अझ विश्वास गर्दैनस् मलाइ ? अरू दृष्टान्त दिऊ तँलाइ
कति मुरी पानीलाइ मैले दूध तुल्याएको छु
सोह्रश्राद्धको पायससित सोध् गएर
चिउलीको बीयाँको झोललाई मैले दया गरे
आज सिंगमांगमा बसिरहेछ उ घिउ भएर ।

(२)

टुकुचा ! आ ! म तँलाइ वाग्मती बनाइदिन्छु–
उसले विश्वास गर्‍यो, वाग्मती बन्ने आश गर्‍यो
हुर्कदै, फुर्कदै, सर्पे गतिले अघि अघि सर्‍यो
मैले लगेर कालमोचनमा पचाइदिएँ । उ वाग्मती भयो !
प्रत्येक छालसित छाल मिल्यो, प्रत्येक कणसित कण

(३)

कत्रो मेरो पदोन्नति ? भएँ म पावनी वाग्मती !
हर्षोल्लासले गयो उ चोभारतिर आएँ म पनि घरतिर
उ हुस्सुको होश भएन, अस्तित्व उसको केही रहेन
यस्तो उन्नति के गर्नु जसमा नामको अन्त भयो ?
टुकुचा वाग्मती, वाग्मती गंगा, गंगा सिन्धु, अनंत भयो

(४)

# के आयो ?

आहा ! दशैँ आयो ! दशैँ आयो ! !
उहु ! दशैँ आयो ! दशैँ आयो ! !

(१)

चाँदीको थालमा पायस लिएर शरचन्द्र आए
श्रीमतीका नङ जस्ता तारागण झिल्झिलाए
आध्यात्मिक ज्ञान जस्तो निर्मल नभले मेघ हटायो
चाँपोको सुगन्ध बोक्ने पवनले भंज्याङ बेसी महकायो
आहा ! दशैँ आयो ! दशैँ आयो ! !

(२)

तावाको अनुहार लिएर उः चन्द्रमा उदाए
भिजेको सगोल जस्ता सारा तारा चिसाए
विषको गंध फैलाएर हावाले तोबा तोबा बनायो
भागू कहाँ ? कुहिरोको व्याधाले महाजाल फिजायो
उहु ! दशैँ आयो ! दशैँ आयो ! !

(३)

नयाँ राम्रा लत्ताकपडा छानी छानी खरिदियो
श्रृङ्गारका साम्रगीले मन नै मोहित पारिदियो
ताजा अन्न, ताजा फलफूल पालैपालो खसी करायो
मालश्रीको मीठो बाजा दमैले शाम सबेर बजायो
आहा ! दशैँ आयो ! दशैँ आयो ! !

(४)

झुत्राझुम्रा कन्था तुन्न धागो छैन, नयाँ कहाँ ?
कंकालमूर्ति छोराछोरी भोकै रुन्छन् जहाँ तहाँ
दंपतीको कुटामारी 'छैन' भन्ने मागल गायो
सापटी पो देला कि यसको उसको ढोका धायो
उहु ! दशैँ आयो ! दशैँ आयो ! !

(५)

# देहाती जीवन

यो देहाती जीवन, सुनसान जीवन,
मानिसको केही आवागमन छ
तैपनि निर्जन वनको जीवन
बाबु आँपको रूखमुनि खाटमा सुतिरहेछ
छोरो चरिरहेको भैंसीको पीठमा सुतिरहेछ
आमा खुर्केको दूबोको सिरान हाली सुतिरहिछ
छोरी नांगो भईंमा नांगै सुतिरहिछ
यो देहाती जीवन, अति निद्रित जीवन।

(१)

यो देहाती जीवन, चेतनहीन जीवन,
भोको, नांगो हाँडी घोप्टेको जीवन
मंजरी नाचिरहेछ; कोयली गाइरहेछ
सौन्दर्यको कल्ले पारख गरोस्? यो अंधो जीवन
पूर्णेका शशी उदाइरहेछन् जून-चून पोतिरहेछन्
किंतु देख्न नसक्ने यो खग्रासले ढाँकेको जीवन
यता मध्याह्नका सूर्य नभमा चंकिरहेछन्
यो देहाती जीवन, अंधकारमय मोसो जीवन।

(२)

ग्रिनविच टायम के हो कसैलाइ थाहा छैन
घण्टाघर काठमाडौँमा छ त्यसको आवाज यहाँ छैन
आफैँ घडी, आफ्नै टायम, जति भन्यो उति कायम
कुलेसोको पानी जस्तो आयु यसै बहिरहेछ
काहाँ जाने ? किन जाने ? विनालक्ष्य गइरहेछ
गाडाको पांग्रा जस्तै सीमित, संकुचित परिधि
यो देहाती जीवन, साधनहीन जीवन।

(३)

'यो देहाती जीवन, स्वर्गीय, जीवन, शान्त जीवन,
शुद्ध वायु, शुद्ध आहार, सुखी, आनन्दी जीवन'
भला, अरू कविले फुर्काऊन् किन्तु सत्यता छैन
जहाँ सत्यता नै छैन उहाँ कविता नै छैन
स्पष्टवादी आलोचकले कविलाइ बनाउँछ
सत्यवादी कविले पनि जन-चेतना ल्याउँछ
अनि उसले आफूलाइ हेर्ने मौका पाउँछ
संगठनको आह्वान गर्छ नव जागृति ल्याउँछ
युगलाइ पर्खने होइन आफूले ल्याउनुपर्छ
नहर यसै आउँदैन पसीना बहाउनुपर्छ

(४)

यो देहाती जीवन, ज्वालामुखी जीवन,
पर्खिरहेछ पर्खिरहेछ त्यो क्षण र त्यो दिन
विस्फोट हुन्छ, विस्फोट हुन्छ, ठूलो भूकम्प आउँछ
धूवाँ, आगो, खरानी, ग्यास पानी बहाउँछ

कहाँ रहला यो निन्द्रा ? कहाँ रहला आलस्य ?
बच्चा बच्चा कछाड कस्लान् कर्मभूमिमा अवश्य
डुंगा जस्तो अघि बढ्लान् प्रत्येक ग्रामवासी
ढुंगा जस्तो पानीमै डुब्ला दुःख दारिद्र्यको राशि
नेपाल आमा मुस्कुराउलिन् हिमचुलीमा उभिएर
करद्वय झुकाउनेछन् आशीर्वाद दिएर ।

(५)

# अंजुको स्मृतिमा !

तिमी भन्छ्यौ, 'अंजु गइन्!!!'
म भन्छु, 'कहाँ गइन्?'
तिमी रून्छ्यौ किन्तु म हाँस्तिनँ
मैले हाँसेभने समाजले खिजाउँछन्
अनि मैले रोएँभने दर्शनशास्त्रले गिजाउँछन्
सारा व्यथालाइ पन्छाएर धैर्यलाइ हृदयमा बोकेर म बस्छु
बेँसीले पहाडलाइ आफ्नो काँधमा बोके झैँ।

(१)

अंजु कहाँ गइन्???
लाखौँ अंजु आज आफ्ना आमाका दूध चुसेर
        पृथ्वीमै बसिरहेछन्
जब बगैँचाको जड फूलले
        आफ्नो सुवास सारालाइ बराबरी बाँडिदिन्छ
तब म चेतनले आफ्नो अगाध स्नेह
ती लाखौँ अंजुलाइ बराबरी बाँड्न किन नसकूँ?
के बानर्नीको झैँ तिमी पनि मूर्ख माया गर्छ्यौ त?
मृत बच्चालाइ च्यापीच्यापी
        आफ्नो बुईलाइ कलुषिल पार्छ्यौ त?

हामीले चौध महीनाको सपना देखेका थियौँ
आज झल्यास्स भयौँ
जस्ताको तस्तै, बिपनाको बिपनै!

(२)

सात महीना अघि पनि यिनले हामीलाइ अत्याएकी थिइन्
माणिक जस्तो जीउ नीर जस्तो तुल्याएकी थिइन्
मुटु मुटुको स्पन्दनलाइ पर पर सारेर
नयनका दुवै पुतलीलाइ माथि माथि घुसारेर
केही क्षणसम्म नजाने कुन कुन लोकमा
        विचरण गरेकी थिइन्
मूल संघारबाट पेटीमा ल्याएर हामीले सुताएका थियौँ
स्पर्शबाट हटेर बसेका थियौँ
किन्तु त्यो बेला घरभरको आँसुको भलले पनि
उनलाइ बहाएर लैजान सकेन।
मध्याह्नका सूर्यले रश्मिको मार्गबाट
        जीवन दिएर पठाए शायद
उनले बिस्तारै नयन खोलिन्,
हामीले जगत् उज्यालो देख्यौँ।

(३)

हुन त मेरो पनि हृदय पाषाणले बनेको होइन,
लोहाले बनेको होइन, हीराले पनि बनेको होइन,
माताकै कोमल तत्वले बनेको हो।
मलाइ माया लागेको छैन र?
(कमिला त आफ्नो फुललाइ बोकी सुरक्षित स्थान लैजान्छ)

परन्तु सांसारिक मायालाइ मैले संध्याको छाया जस्तै
टाढा भई भई, लोप भई भई जाने हो भन्ने संझेको छु।
शान्तभवनको अस्पतालमा
अमेरिकी डाक्टरहरुको हातहतियारको तालमा
तिमीलाइ टेबिलमा सुताएर, बेहोश गराएर
मैले अंजुलाइ झिकेथैँ!
कटहरको पेट चिरेर कोया झिके झैं।

(४)

पहेँलो रेशम जस्तो कपाल प्रेमले सुमसुम्यार
स्याउ जस्ता कोमल र राता दुई गालामा पैतृक माया उम्राएर
कत्रो हर्षोल्लासले मोटरमा उडाएर ल्याएको थिएँ
यस आश्रममा प्रवेश गराएको थिएँ
बेहानी सुनौला घाममा सूर्यलाइ लोभ्याएर,
वसन्त कोकिललाइ कल्पाएर।
आज आषाढ कृष्ण, मध्य रातमा
सिमसिम सिमसिम पानीको विषप्रपातमा
मैले तिनलाइ यस आश्रमबाट निकाले! लाशको रूपमा!!!
कुन हृदयले मलामीलाइ बोकाएर???

(५)

यो उही घाट, उही चिता हो
जहाँ मैले चालीस वर्षअघि मेरी मातालाइ जलाएको थिएँ
आज ममतालाइ जलाइरहेको छु ;
मार्मिकतालाइ जलाइरहेको छु,
मायाकी मूर्तिलाइ जलाइरहेको छु,

माली भएर पनि मालतीको मुनालाइ जलाइरहेको छु ? ?
मेरो जस्तै ठूलो निदार आगोले खायो
मलाइ आफैं जलेको जस्तो लाग्यो
वाग्मती रोई रोई गइन्

(६)